नेपाल हाउस जग्गा खरिद अनुगमन तथा जाँच प्रतिवेदन (२०२६)

प्रतिवेदन सार्वजनिक मितिः अक्टोबर ३०, २०२६

स्थान : टोकियो, जापान

१. कार्यकारिणी सारांश (Executive Summary)

गैर-आवासीय नेपाली संघ (NRNA) राष्ट्रिय समन्वय परिषद् जापानद्वारा जापानवासी सम्पूर्ण नेपाली समुदायको साझा सपना, सांस्कृतिक पहिचान, सामाजिक आस्था र भावी पुस्ताका लागि एउटा बलियो संस्थागत धरातलका रूपमा अघि बढाइएको बहुप्रतीक्षित "नेपाल हाउस" निर्माण परियोजना अहिले एउटा अत्यन्तै संवेदनशील, गम्भीर र निर्णायक मोडमा आइपुगेको छ। जापानभरि छरिएर रहेका प्रवासी नेपालीहरूको कठोर परिश्रम, अमूल्य पसिना र समर्पणबाट सङ्कलित करोडौँ येनको लगानी, यस संस्थामा आबद्ध हजारौँ पञ्जीकृत सदस्यहरूको रगत-पसिनाको योगदान तथा संस्थाको दशकौँ पुरानो साख यसै परियोजनाको सफलता, कानुनी सुनिश्चितता र पारदर्शितासँग प्रत्यक्ष रूपमा गाँसिएको छ।

चिबा मिदोरी-कु ताकादा-चो १६४७-१ स्थित प्रस्तावित जग्गा खरिद-सट्टा तथा पूर्वाधार विकास प्रक्रियाको प्रारम्भिक चरणदेखि नै यसका कानुनी वैधता, वित्तीय पारदर्शिता, जापानी स्थानीय निकायका कडा नीतिगत मापदण्डहरू एवं संस्थागत निर्णय प्रणालीमा गम्भीर प्रश्न, अपारदर्शिता, प्रक्रियागत विचलन र अनियमितताका गम्भीर आशङ्काहरू सार्वजनिक हुन थालेका हुन्। यसले केवल जापानी कानुनी दायरामा संस्थालाई गम्भीर जोखिममा पारेको मात्र छैन, अपितु आम जापानवासी नेपाली समुदायमा ठूलो भ्रम, निराशा र अविश्वासको वातावरण समेत सिर्जना गरेको छ।

यस जटिल र संवेदनशील स्थितिमा यस संस्थाका नाममा दर्तामा रहेका अचल सम्पत्तिको रक्षा, जापानमा रहेका प्रवासी नेपालीहरूको कठोर पसिना र योगदानबाट सङ्कलित करोडौँ येनको पूर्ण सुरक्षा सुनिश्चित गर्नु, यस संस्थाका पञ्जीकृत सदस्यहरूको आस्था र योगदानको उच्च सम्मान गर्नु, संस्थागत मर्यादा एवं सुशासनको रक्षा गर्नु तथा जापानी कानुनी उल्झन र सम्भावित फौजदारी दायित्वबाट NRNA जापानलाई पूर्ण रूपमा जोगाउनु अति नै वाञ्छनीय, अपरिहार्य र कानुनी रूपमै अनिवार्य देखिएकाले सत्यतथ्य अन्वेषण, दस्तावेज प्रमाणीकरण र निष्पक्ष अध्ययनका लागि यो ११ सदस्यीय उच्चस्तरीय अनुगमन समिति गठन गरी यो प्रतिवेदन तयार पारिनु अनिवार्य र अकाट्य आवश्यकता ठहर भएको हो।

यस प्रतिवेदन अनुगमन समितिका संयोजक दिपक कँडेलको नेतृत्वमा समितिका सम्पूर्ण सदस्यहरू, आमन्त्रित सल्लाहकारहरू, जापानी प्रशासनिक कानुनी विशेषज्ञ (ग्योउसेइस्योसी - 行政書士), घरजग्गा कारोबार तथा भू-व्यवस्थापन विशेषज्ञ (फुदोसान एक्सपर्ट - 不動産専門家) एवं सम्बन्धित सरोकारवालाहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा तयार पारिएको हो। समितिले अक्टोबर ४, २०२६ देखि अक्टोबर २९, २०२६ सम्मको अवधिमा अत्यन्तै सघन, सूक्ष्म, कठोर र बहुआयामिक अध्ययन एवं अन्वेषण सञ्चालन गरेको थियो।

यस गहन अध्ययन तथा अन्वेषणका क्रममा समितिले देखावटी वा सतही सूचनामा मात्र सीमित नरही देहाय बमोजिमका प्रशासनिक तथा कानुनी निकायहरू र पक्षहरूसँग प्रत्यक्ष साक्षात्कार, गहन सोधपुछ, दस्तावेज प्रमाणीकरण र स्थलगत निरीक्षण सम्पन्न गरेको छ:

सघन स्थलगत निरीक्षण:

क) चिबा मिदोरी-कु ताकादा-चो १६४७-१ स्थित प्रस्तावित जग्गाको भौगोलिक अवस्था, वातावरणीय स्थिति, सिमाना, ऐलानी/सरकारी जग्गाको मिसावट र मौजुद रहेका ९६ वटा चिहानहरूको वस्तुस्थितिबारे गरिएको प्रत्यक्ष स्थलगत अध्ययन।

ख) हाल यस संस्थाको नाममा दर्ता रहेको अचल सम्पत्ति (जग्गा) 千葉市中央区川戸町 315-5, 315-7, 315-9, 315-12, 315-13, 315-17 (चिबा सिटि च्युओ वार्ड कावातो-चो) लगायतको कित्ता नम्बरमा रहेको जग्गाको प्रत्यक्ष स्थलगत अवलोकन।

जापानी सरकारी तथा प्रशासनिक निकायहरू: चिबा सहर भवन विभाग (Chiba City Building Department), नगर योजना शाखा (Urban Planning Division), तथा भू-दर्ता कार्यालय (होमुक्योकु - 法務局) मा पुगी नगर योजना ऐन (City Planning Act) को धारा ३४ र चिबा सहर विकास समीक्षा समितिको मापदण्ड अनुसारको कानुनी हैसियतबारे गरिएको आधिकारिक खोजबिन।

सम्बन्धित कम्पनीहरू र ठेकेदार पक्ष: परियोजनामा संलग्न भनिएका काबुसिकिगाइसा सेनोस (株式会社セノス) र ताकोस आर्किटेक्चर (タコス建築設計事務所) को आधिकारिक कानुनी हैसियत, दर्ता विवरण, कार्यक्षेत्र र सम्झौताका शर्तहरूबारे गरिएको प्राविधिक तथा कानुनी छानबिन।

संस्थागत संवाद र सोधपुछ: NRNA जापानका वर्तमान पदाधिकारीहरू, संरक्षक समिति, पूर्व नेतृत्व, क्षेत्रीय समन्वय परिषद् (NCC/LCC) का प्रतिनिधिहरू एवं सरोकारवाला नेपाली समुदायका अगुवाहरूसँग गरिएको चरणबद्ध र सघन छलफल।

यो प्रतिवेदन कुनै व्यक्तिगत आग्रह वा पूर्वाग्रहबाट प्रेरित नभई पूर्ण रूपमा वस्तुनिष्ठ तथ्य, जापानी कानुनका अकाट्य प्रमाण, आधिकारिक सरकारी अभिलेख र वित्तीय सुशासनका स्थापित सिद्धान्तहरूमा आधारित रहेर तयार पारिएको छ। "नेपाल हाउस" जस्तो पवित्र र साझा अवधारणालाई कानुनी, वित्तीय र नैतिक रूपमा सुरक्षित, पारदर्शी र परिणाममुखी दिशा प्रदान गर्नका लागि यस प्रतिवेदनका निष्कर्षहरू र सिफारिसहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्नु संस्थाको नेतृत्वका लागि अपरिहार्य एवं नैतिक दायित्व ठहरिन्छ।

२. प्रतिवेदन तयार पार्नुका मुख्य कारण तथा वाञ्छनीयता (Rationale & Necessity)

गैर-आवासीय नेपाली संघ (NRNA) राष्ट्रिय समन्वय परिषद् जापानले "नेपाल हाउस" निर्माणका लागि खरिद गरि सकिएका र रहेका चल अचल सम्पत्ति, यस परियोजनाका लागि अघि बढाएका सम्पूर्ण गतिविधिहरू, निर्णय प्रक्रियाहरू र वित्तीय लेनदेनहरूमा गम्भीर कानुनी, प्राविधिक एवं व्यावहारिक जटिलताहरू उत्पन्न भई आम जापानवासी नेपाली समुदायभित्र व्यापक अविश्वास, अन्योल र आक्रोश सिर्जना भएको सर्वविदितै छ। यस्तो गम्भीर र संवेदनशील परिस्थितिमा संस्थागत दायित्व, वित्तीय उत्तरदायित्व र कानुनी सुशासन कायम राख्नका लागि यो विस्तृत अन्वेषण प्रतिवेदन तयार पार्नु अत्यन्तै अपरिहार्य, वाञ्छनीय र कानुनी रूपमै अनिवार्य हुन पुगेको हो। यस प्रतिवेदनको आवश्यकता र औचित्यलाई देहाय बमोजिमका मुख्य कारणहरूका आधारमा स्पष्ट पारिएको छ:

२.१. सामुदायिक सम्पत्ति र वित्तीय पारदर्शिताको रक्षा

"नेपाल हाउस" निर्माणको पवित्र उद्देश्यका लागि आम सर्वसाधारण नेपाली समुदाय, व्यवसायीहरू, श्रमजीवी वर्ग तथा महायज्ञका चन्दादाताहरूबाट सङ्कलित करोडौँ येनको लगानी कुनै पनि हालतमा जोखिममा पर्न दिनु हुँदैन। कानुनी अधिकार र आधिकारिक भू-स्वामित्व नै नभएको तेस्रो पक्षलाई प्रारम्भिक सम्झौता (खारी केइयाकु - 仮契約) का नाममा ४,२०० मान येन (४२,०००,००० येन) जस्तो ठूलो रकम अपारदर्शी, अस्वाभाविक र उच्च जोखिमपूर्ण तरिकाले भुक्तानी गरिएकाले, सो रकमको कानुनी आधिकारिकता जाँच गरी संस्थाको सङ्कलित पूँजीको पूर्ण सुरक्षा सुनिश्चित गर्नु र अपारदर्शी लेनदेनको सत्यतथ्य बाहिर ल्याउनु यस प्रतिवेदनको प्राथमिक दायित्व हो।

२.२. जापानी कानुनी उल्झन र संस्थागत सुरक्षाको ग्यारेन्टी

जापान जस्तो कानुनी राज्यमा भू-उपयोग तथा निर्माण सम्बन्धी कडा कानुनहरू—विशेष गरी नगर योजना ऐन (City Planning Act / 都市計画法) तथा घरजग्गा कारोबार ऐन (Real Estate Transaction

Business Act / 宅地建物取引業法)—को घोर उल्लङ्घन र पूर्ण बेवास्ता गर्दै हतारमा सम्झौता अघि बढाइएको देखिन्छ। यस्ता कानुनी प्रक्रियाहरू मिचेर गरिएका अपारदर्शी सम्झौताहरूका कारण भविष्यमा NRNA जापान गम्भीर कानुनी दाउपेच, जापानी प्रहरीको अनुसन्धान वा अदालती मुद्दा-मामिला (Criminal & Civil Proceedings) मा फसी संस्था नै धराशायी हुन सक्ने भयावह जोखिमलाई समयमै रोक्न र संस्थागत सुरक्षा प्रदान गर्न यो प्रतिवेदन तयार पारिएको हो।

२.३. दर्ता नभएको जग्गा र स्वामित्वहीन कम्पनीसँगको सम्झौताको औचित्य

प्रचार प्रसार गरिए अनुसार प्रस्तावित १,८४६.१४ चुबो जग्गा मध्ये वास्तविक दर्ता भएको क्षेत्रफल ९७६.७७ चुबो मात्र रहेको र ८६९.३७ चुबो जग्गा दर्ताहीन (झाडी) रहेको र सम्झौतामा गरिएको मुख्य पक्ष काबुसिकिगाइसा सेनोस (株式会社セノス) १२ वर्ष अघि (सन् २०१४) नै उक्त जग्गाको स्वामित्व गुमाइसकेकोले कानुनी अधिकारविहीन संस्था रहेको अकाट्य तथ्य देखिएकोले यसलाई गम्भीर रुपमा लिदै शंकास्पद र स्वामित्वहीन भैसकेको कम्पनीसँग गरिएको सम्झौताको कानुनी अवस्था बुझ्दै संस्था र समुदायलाई ठूलो आर्थिक क्षतिबाट जोगाउनु प्रतिवेदनको मुख्य ध्येय रहेको छ।

२.४. चिहान क्षेत्र र संरचनात्मक असम्भाव्यताको आधिकारिक प्रमाणीकरण

प्रस्तावित जग्गाभित्रै ९६ वटा चिहान (ओहाका - お墓), १ वटा सामूहिक समाधिस्थल र अस्तु पूजा भवन (होनदोउ - 本堂) मौजुद रहेको तथ्यलाई बिस्तृत अध्ययन गर्दै यसको बास्तबिकता जानकारी गराउने एवं चिबा सहर (Chiba City) ले उक्त क्षेत्रलाई "सहरी विकास नियन्त्रित क्षेत्र" (Urbanization Control Area / 市街化調整区域) तोकेकाले नगर योजना ऐनको धारा ३४ अनुसार यहाँ "नेपाल हाउस" जस्तो सामुदायिक वा बहुउद्देश्यीय भवन निर्माण गर्न कानुनी रूपमा पूर्ण रूपमा असम्भव रहेको प्राविधिक र कानुनी सत्यता समुदायसामु स्पष्ट रूपमा ल्याउनु अनिवार्य भएको छ।

२.५. पुरानो कावातो-चो जग्गा र नयाँ टेन्डरसम्बन्धी भ्रामक दाबीको खण्डन

विगतमा ३.३ करोड येनमा खरिद भई उपयोग नआएको परेको कावातो-चो (Kawato-cho) स्थित जग्गा नयाँ जग्गासँग "सट्टापट्टा (Land Exchange) भयो" भनी १६ मे २०२६ मा संस्थागत रूपमा जारी गरिएको अस्पष्ट विज्ञप्तिको तथ्यगत अध्ययन गर्नु आवश्यक देखिएको छ। साथै, संस्थाको स्वामित्वमा खरिद नै नभएको र अर्कै कित्ता नम्बर (ताकादा-चो १६५०) राखी आह्वान गरिएको गैर-कानुनी ठेक्का (टेन्डर) प्रक्रियाको गम्भीर प्रक्रियागत त्रुटि र गलत कदमको वास्तविकता स्पष्ट पार्नु अपरिहार्य भएको छ।

२.६. भविष्यको स्पष्ट दिशानिर्देश र निष्पक्ष सत्यतथ्यको सार्वभौमिकता

यो प्रतिवेदन कुनै पनि व्यक्ति, समूह वा वर्तमान/पूर्व नेतृत्वप्रति व्यक्तिगत पूर्वाग्रह वा आग्रह राखेर तयार पारिएको होइन। संस्थामा सुशासन कायम राख्न, सम्पूर्ण सरोकारवालाहरू र विज्ञहरूको आधिकारिक धारणालाई एकीकृत गर्न र आगामी दिनमा "नेपाल हाउस" वा यस्तै अन्य सामुदायिक परियोजनाहरूलाई कानुनी, वित्तीय र नैतिक रूपमा सुरक्षित, निष्पक्ष र सही मार्गमा डोऱ्याउनका लागि एउटा आधिकारिक मार्गदर्शक दस्तावेजका रूपमा यो प्रतिवेदन तयार पारिएको हो।

२.७. यस संस्थाको नाममा दर्ता रहेको हालको जग्गाको अनुसन्धान जरुरी

हाल यस संस्थाको नाममा दर्ता रहेको अचल सम्पत्ति (जग्गा) 千葉市中央区川戸町 315-5, 315-7, 315-9, 315-12, 315-13, 315-17 (चिबा सिटि च्युओ वार्ड कावातो-चो) लगायतको कित्ता नम्बरमा रहेको जग्गा साबिकको कार्यसमितिले आफ्ना पंजीकृत सदस्यहरुको सदस्यता शुल्कलाई प्रयोग गरि करिब ३.३ करोडमा खरिद गरिएको भनिएको छ र यो पनि उपयोगबिहीन अवस्थामा रहेको देखियो। यसरी सामाजिक संस्थाले संकलित गरेको रकमलाई अनावश्यक रुपले खर्च गरेको मनन गर्दै यसको लागि पनि खरिद प्रक्रिया

समेतलाई जोडी उपयोगबिहीन अवस्थामा राख्नुका कारण खोज्दै यस जग्गासंग सम्वन्धित शुरुवाती प्रक्रिया देखि नै थप अध्ययन अनुसन्धानका लागि सिफारिस गरिन्छ।

२.८. गैर आवासीय नेपाली संघ जापानले समाजलाई देखाएको संरचनाको बास्तबिकता जाँच

गैर आवासीय नेपाली संघ, जापानले पत्रकार सम्मेलन एवं वेब साईटमा राखेको परिकल्पना गरेको संरचनाको फोटो एवं भिडियो जसलाई タコス建築設計事務所 ताकोस आर्किटेक्चर अफिसले तयार परेको छ त्यसलाई सम्वन्धित सरकारी निकायबाट स्वीकृति लिईएको नलिईएको खोजी गर्न।

३. छानबिन समितिको गठन, कार्यादेश र कार्यतालिका (Methodology & Timeline)

गैर-आवासीय नेपाली संघ (NRNA) राष्ट्रिय समन्वय परिषद् जापानद्वारा अक्टोबर ४, २०२६ मा आयोजित पत्रकार सम्मेलन पश्चात्, प्रस्तावित "नेपाल हाउस" को जग्गा खरिद प्रक्रिया तथा सम्झौताबारे सञ्चारमाध्यम र आम समुदायमा उठेका गम्भीर प्रश्नहरूको सत्यतथ्य अन्वेषण गर्न ११ सदस्यीय उच्चस्तरीय अनुगमन/छानबिन समिति गठन गरियो। समितिले पाएको कार्यादेश (Terms of Reference - ToR) अनुसार सत्यतथ्य पत्ता लगाउन अक्टोबर ४, २०२६ देखि अक्टोबर ३०, २०२६ सम्म निरन्तर सञ्चालन गरेका प्रमुख खोज, अध्ययन, स्थलगत निरीक्षण, कानुनी परामर्श तथा समीक्षा बैठकहरूको विस्तृत कार्यतालिका एवं कार्यविधि (Timeline & Methodology) देहाय बमोजिम रहेको छ:

३.१. कार्यतालिका तथा सम्पादित प्रमुख गतिविधि विवरण

अक्टोबर ४, २०२६ (आइतबार) समिति गठन एवं प्रारम्भिक संवाद:

पत्रकार सम्मेलन सम्पन्न भएलगत्तै निष्पक्ष र तटस्थ अन्वेषणका लागि ११ सदस्यीय छानबिन समिति चयन गरियो।

सोही साँझ १८:०० बजे कुमारी रेस्टुरेन्ट (शिन्ज्युकु) मा समितिको पहिलो प्रारम्भिक बैठक बस्यो।

बैठककै क्रममा जापानी घरजग्गा कारोबार (फुदोसान) प्रतिनिधि तथा ताकोस आर्किटेक्चरका प्रतिनिधि सासाकी-सान (Sasaki-san) सँग प्रारम्भिक टेलिफोन सोधपुछ गरी सम्झौताको पृष्ठभूमिबारे जानकारी लिइयो।

अक्टोबर ५, २०२६ (सोमबार) प्रारम्भिक स्थलगत अवलोकन:

अनुगमन समितिका सदस्यद्वय बिनोद खनाल (मुक्तिराम) र युवराज गुरुङ द्वारा चिबा मिदोरी-कु ताकादा-चो स्थित प्रस्तावित जग्गाको पहिलो प्रारम्भिक स्थलगत अवलोकन एवं भौगोलिक अवस्थाको प्राविधिक सर्वेक्षण गरियो।

अक्टोबर ८, २०२६ (बिहीबार) मुख्य स्थलगत निरीक्षण एवं सल्लाहकार स्तरीय समीक्षा:

अनुगमन समितिका संयोजक दीपक कँडेल, सदस्यहरू (दीपक केसी, देवीलाल भण्डारी, बिनोद खनाल, युवराज गुरुङ, कामना भण्डारी), NRNA जापानका अध्यक्ष सुवास लामिछाने र फुदोसान प्रतिनिधि सासाकी-सान को उपस्थितिमा चिबा सहर, मिदोरी वार्ड, ताकादा-चो १६४७-१ स्थित मुख्य जग्गाको सघन स्थलगत अवलोकन सम्पन्न गरियो।

स्थलगत निरीक्षण लगत्तै नजिकैको इओन मल (Aeon Mall) स्थित रेस्टुरेन्टमा आमन्त्रित सल्लाहकारहरू (रोबिन शेरचन, ओम गुरुङ, शिव प्रसाद पौडेल) सहितको उपस्थितिमा जग्गाको भौतिक तथा वातावरणीय जटिलताबारे विस्तृत समीक्षा बैठक बस्यो।

अक्टोबर ९, २०२६ (शुक्रबार) विशेषज्ञहरूसँग कानुनी तथा प्राविधिक परामर्श:

शिन-ओकुबो स्थित गाजेबो रेस्टुरेन्टमा NRNA ICC सचिव एवं सल्लाहकार शिव प्रसाद पौडेल को संयोजनमा ग्लोबल फुदोसान (Global Real Estate) विशेषज्ञ तथा जापानी प्रशासनिक कानुनी अधिवक्ता (ग्योउसेइस्योसी इनोउए-सान / 行政書士 井上氏) सँग कानुनी परामर्श गरियो।

परामर्शका क्रममा करार पत्रमा रहेका गम्भीर प्रक्रियागत त्रुटिहरू, सम्झौताको पहिलो पक्ष कानुनी रूपमा स्वामित्वहीन रहेको र मध्यस्थकर्तासँग कानुनी लाइसेन्स (License) नभएको जस्ता गम्भीर तथ्यहरूको पहिलो पटक खुलासा भयो।

अक्टोबर १०, २०२६ (शनिबार)

अनुगमन समिति सहित समाजका केहि अग्रजहरु संग स्थलगत निरीक्षक गरियो।

अक्टोबर ११ (आईतबार) :

अनुगमन समितिले चिबा क्षेत्रिय समितिका पदाधिकारी एवं सदस्यहरुसँग भेटघाट र छलफल गरियो।

अक्टोबर १३, २०२६ (मंगलबार) भर्चुअल बैठक तथा कानुनी असम्भाव्यताको प्रारम्भिक निष्कर्ष:

मेसेन्जर भर्चुअल बैठक मार्फत प्राप्त कागजातहरूको प्राविधिक विश्लेषण गरियो।

जग्गाको प्रकृति धार्मिक/संरक्षित "केइदाईचि" (境内地) रहेको र क्षेत्र "सहरी विकास नियन्त्रित क्षेत्र" (Urbanization Control Area) भित्र पर्ने भएकाले यहाँ "नेपाल हाउस" निर्माण गर्नु कानुनी रूपमा पूर्ण रूपमा असम्भव रहेको प्रारम्भिक निष्कर्ष निकालियो।

अक्टोबर १४, २०२६ (बुधबार) सेनोस HD को कार्यालयमा प्रत्यक्ष सोधपुछ एवं विवाद:

समिति टोली सेनोस HD (セノス HD 株式会社) को कार्यालय (चिबा प्रिफेक्चर, असही सहर) मा पुगी निर्देशक हितोशी इनाजुमी (稲住均) सँग प्रत्यक्ष भेटघाट र सोधपुछ गर्यो।

सोधपुछका क्रममा उक्त कम्पनी करारको आधिकारिक पहिलो पक्ष नभएको, उनीहरूसँग आधिकारिक वारेसनामा (Power of Attorney) नरहेको र "बाँकी रकम भुक्तानी नगरे हालसम्म दिइएको बैना रकम फिर्ता हुँदैन" भन्दै निर्देशकले टेबल ठोकेर गैर-जिम्मेवार व्यवहार देखाएको तथ्य अभिलेख गरियो।

सोही साँझ नाका मेगुरो स्थित 'एसियन डाइनिङ सीता' मा समितिको आपतकालीन समीक्षा बैठक बसी उक्त घटनाको कानुनी समीक्षा गरियो।

अक्टोबर १७, २०२६ (शनिबार) NRNA जापान कार्यसमितिसँग संयुक्त बैठक:

NRNA जापान कार्यसमिति र अनुगमन समितिको संयुक्त बैठक बस्यो।

बैठकमा पदाधिकारीहरूको विभाजित र परस्पर विरोधी धारणा अभिलेख गरियो भने खरिद प्रक्रियासँग सम्बन्धित महत्त्वपूर्ण अडियो रेकर्डिङहरू र कागजातहरू प्रमाणका रूपमा सङ्कलन गरियो।

अक्टोबर २४, २०२६ (शनिबार) क्षेत्रीय समन्वय परिषद् (LCC) हरूसँग भर्चुअल संवाद:

जापानभरका १० वटा क्षेत्रीय समन्वय परिषद् (NCC/LCC) का संयोजकहरूसँग भर्चुअल बैठक आयोजना गरियो।

संवादका क्रममा चिबा क्षेत्र बाहेक अन्य ९ वटै क्षेत्रीय समितिहरू यस जग्गा खरिद प्रक्रिया, सम्झौताका शर्तहरू र निर्धारण गरिएको मूल्यबारे पूर्ण रूपमा अनभिज्ञ राखिएको पुष्टि भयो।

अक्टोबर २५, २०२६ (आइतबार) संरक्षक समितिसँग उच्चस्तरीय परामर्श:

NRNA जापानका संरक्षक समिति (पूर्व अध्यक्षहरू: ओम गुरुङ, पारसमणि पोखरेल, सुदन थापा, टासी लामा, देवीलाल भण्डारी, शिव प्रसाद पौडेल, नवीन न्युरे) सँग परामर्श बैठक बस्यो।

संरक्षकहरूले संस्थागत पारदर्शिता र कानुनी सुशासन कायम राख्न प्रतिवेदनलाई तथ्यमा आधारित बनाएर अविलम्ब सार्वजनिक गर्न सुझाव दिए।

अक्टोबर २६, २०२६ (सोमबार) चिबा सहर भवन विभागमा प्राविधिक एवं कानुनी प्रमाणीकरण:

समिति टोली चिबा सहर भवन विभाग (千葉市都市局建築部宅地課) मा प्रत्यक्ष पुगी जग्गाको नक्सा (ज्युमेन - 図面), सरकारी भू-अभिलेख र कानुनी प्रतिबन्धहरूको आधिकारिक प्रमाणीकरण गर्यो।

नगर योजना ऐनको धारा ३४ अन्तर्गतका प्रतिबन्धहरू र नक्सामा ऐलानी/सरकारी जग्गाको मिसावट रहेको प्राविधिक पुष्टि भयो।

अक्टोबर २९, २०२६ (बिहीबार) प्रतिवेदन लेखन सम्पन्न:

सङ्कलित सम्पूर्ण कागजातहरू, प्रत्यक्ष सोधपुछका अभिलेखहरू, स्थलगत निरीक्षणका प्रमाणहरू र जापानी कानुनी विशेषज्ञहरूको लिखित रायलाई एकीकृत गर्दै यो अन्वेषण प्रतिवेदन लेखन कार्य सम्पन्न गरियो।

४. प्रस्तावित जग्गाको स्थलगत तथा प्राविधिक विवरण (Site Inspection & Legal Status)

क) जग्गाको आधारभूत विवरण

नाम: 浄泉寺某地 (जोसेन्जी चिहान स्थल / धार्मिक परिसर)

ठेगाना: 千葉県千葉市緑区高田町 1647 番 1 (चिबा प्रिफेक्चर, चिबा सहर, मिदोरी वार्ड, ताकादा-चो १६४७-१)

चार किल्ला:

अगाडि: कित्ता नं. १६४७-६, १६४७-७

दायाँ: कित्ता नं. १६४७-४, १६५२-२, १६५२-१

बायाँ: कित्ता नं. १६४६-२, १६४६-५, १६४६-४

पछाडि: कित्ता नं. १६४७-३, १६४७-२ (अन्य निजी कम्पनीको नाममा दर्ता)

ख) प्रस्तावित जग्गाको क्षेत्रफल, कानुनी सीमा र ऐलानी (दर्ताहीन) भागको यथार्थ

नेपाल हाउस निर्माणका लागि प्रचारप्रसार गरिएको जग्गाको कुल क्षेत्रफल र वास्तविक कानुनी दर्ता बीच गम्भीर विरोधाभास र ठूलो अन्तर पाइएको छ। भू-दर्ता कार्यालय (होमुक्योकु - 法務局) को आधिकारिक भू-अभिलेख लालपुर्जा (तोकिबो तोहोन - 登記簿謄本) तथा चिबा सहरको नापी नक्सा अध्ययन गर्दा जग्गाको यथार्थ स्थिति देहाय बमोजिम पुष्टि भएको छ:

प्रचार गरिएको भ्रामक क्षेत्रफल: संस्थागत रूपमा सार्वजनिक तथा प्रचारप्रसार गरिएको जग्गाको कुल क्षेत्रफल १,८४६.१४ चुबो (करिब ६,१०३ m²) रहेको दाबी गरिएको थियो।

वास्तविक दर्ता भएको भू-भाग (तोकिबो तोहोन अनुसार): आधिकारिक सरकारी अभिलेख अनुसार वास्तविक दर्ता भएको क्षेत्रफल मात्र ९७६.७७ चुबो (करिब ३,२२९ m²) रहेको छ, जुन मुख्यतया सल्लाघारी, भिरालो जङ्गल र धार्मिक चिहान क्षेत्रका रूपमा दर्ता छ।

दर्ताहीन/ऐलानी (सार्वजनिक) भाग: प्रचार गरिएको क्षेत्रफलमध्ये बाँकी ८६९.३७ चुबो (करिब २,८७४ m²) भू-भाग पूर्ण रूपमा दर्ताहीन (ऐलानी/सार्वजनिक झाडी) रहेको पाइएको छ।

यस दर्ताहीन/ऐलानी भू-भागको पछाडिपट्टि अन्य निजी कम्पनीहरूको जग्गा जोडिएको छ र यसको कानुनी सिमाना (Boundary Line) पूर्ण रूपमा अस्पष्ट र विवादित छ। जापानी भू-प्रशासन कानुन अनुसार यस्तो दर्ताहीन सार्वजनिक जग्गालाई निजी वा संस्थागत नाममा स्वामित्व हस्तान्तरण गर्न कानुनी रूपमा असम्भव हुन्छ। यस्तो कानुनी विवाद र सीमा अस्पष्टता भएको भू-भागलाई समेत जोडेर कुल क्षेत्रफलको भ्रामक दाबी गरिनु गम्भीर प्रक्रियागत त्रुटि र कानुनी छलछाम ठहरिन्छ।

४.३. जग्गामा विद्यमान भौतिक, धार्मिक तथा वातावरणीय संरचनाहरूको वस्तुस्थिति

प्रस्तावित जग्गा कुनै खाली वा विकासयोग्य समथल भू-भाग नभई धार्मिक तथा समाधिस्थलका प्रयोजनका लागि तयार पारिएको क्षेत्र हो। स्थलगत निरीक्षण तथा सरकारी नक्सा प्रमाणीकरणका क्रममा जग्गाभित्र देहाय बमोजिमका संरचनाहरू र वातावरणीय परिस्थिति मौजुद रहेको पुष्टि भएको छ:

१. अस्तु पूजा तथा प्रार्थना भवन (होनदोउ - 本堂):

जग्गाभित्र १ तलाको २७६.६९ वर्गमिटर (m²) क्षेत्रफलमा फैलिएको एक परम्परागत पूजा भवन स्थित छ। यो भवन मुख्यतया मृतकका आफन्तहरूद्वारा अस्तु विसर्जन तथा अन्तिम संस्कार पश्चात् गरिने धार्मिक पूजापाठका लागि प्रयोग हुँदै आएको छ।

२. चिहान/समाधि संरचनाहरू (ओहाका - お墓):

जग्गाको मध्य तथा वरपरको भागमा कुल ९६ वटा व्यक्तिगत तथा पारिवारिक चिहान/समाधि संरचनाहरू मौजुद रहेका छन्। जापानी कानुन अनुसार यस्ता स्थापित चिहानहरूलाई अन्यत्र स्थानान्तरण (Relocation) गर्न स्थानीय प्रशासनको कडा सहमति अनिवार्य हुन्छ, जुन व्यावहारिक रूपमा धेरै नै झन्झटिलो मानिन्छ।

३. सामूहिक समाधिस्थल तथा प्रार्थना स्तम्भ:

जग्गाभित्र १ वटा ठूलो सामूहिक अस्तु विसर्जन स्थल (Nokotsudo / 納骨堂) र धार्मिक अनुष्ठानका लागि निर्मित सामूहिक प्रार्थना स्तम्भ अवस्थित छ।

४. विद्यमान भौतिक पूर्वाधारहरू:

जग्गाभित्र आगन्तुकहरूका लागि निर्मित पार्किङ क्षेत्र तथा चिहान/समाधिस्थलको जल निकासका लागि निर्माण गरिएको विशेष ढल/पानी निकास (Drainage) प्रणाली सक्रिय अवस्थामा रहेको छ।

५. निकटवर्ती वातावरणीय एवं धार्मिक संवेदनशीलता:

प्रस्तावित जग्गाको सिमानाबाट मात्र ६० देखि ७० मिटरको दुरीमा सन् १९८१ देखि निरन्तर सञ्चालित विशाल "चिबा हिगासी रेइएन" (千葉東霊園) चिहान बगैँचा अवस्थित छ। यो दशौँ हजार अस्तुहरू विसर्जन गरिएको चिबा क्षेत्रकै ठूलो धार्मिक समाधिस्थल हो।

जापानको वातावरण संरक्षण, धार्मिक स्थल व्यवस्थापन तथा स्थानीय निकायको नीति अनुसार यति ठूलो धार्मिक समाधिस्थलको प्रत्यक्ष घेराबन्दीभित्र रहेको र स्वयं ९६ वटा चिहान ओगटेको जग्गामा "नेपाल हाउस" जस्तो सर्वसाधारणको भीडभाड हुने, सांस्कृतिक कार्यक्रम गरिने वा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गर्न कानुनी, सामाजिक र वातावरणीय कुनै पनि दृष्टिकोणबाट सम्भव देखिँदैन।

५. कानुनी विश्लेषण र जापानी घरजग्गा तथा नगर योजना कानुन (Legal Analysis)

जापानी प्रशासनिक कानुनी विशेषज्ञ (ग्योउसेइस्योसी - 行政書士) Inoue-san तथा चिबा सहर विकास ब्यूरो (Chiba City Urban Development Bureau) बाट प्राप्त आधिकारिक परामर्श, जापानी काउन्सेलिङ र सरकारी अभिलेखहरूको गहन परीक्षण गर्दा, प्रस्तावित जग्गामा "नेपाल हाउस" निर्माण गर्न कानुनी रूपमा किन पूर्ण असम्भव छ भन्ने कुराका मुख्य तथा अकाट्य कानुनी कारणहरू देहाय बमोजिम स्पष्ट गरिएका छन्:

५.१. कानुनी स्वामित्वको अभाव र अधिकारविहीन पक्षसँगको अवैध सम्झौता

जापानी नागरिक ऐन (मिनपोउ / 民法) को स्पष्ट व्यवस्था अनुसार, कुनै पनि जग्गा वा सम्पत्तिको खरिद-बिक्री सम्झौता केवल वर्तमान आधिकारिक जग्गाधनी वा विधिवत रूपमा आधिकारिक वारेसनामा (Power of Attorney / 委任状) प्राप्त प्रतिनिधिले मात्र गर्न सक्छ।

तर, यस परियोजनामा खारी केइयाकु (प्रारम्भिक सम्झौता - 仮契約) को पहिलो पक्षका रूपमा प्रस्तुत गरिएको काबुसिकिगाइसा सेनोस (株式会社セノ ス) सँग उक्त जग्गाको स्वामित्व नै छैन।

सरकारी भू-अभिलेख अनुसार उक्त जग्गा सन् २०१४ नोभेम्बर १० कै दिनमा स्युक्योहोउजिन जोसेन्जी (宗教法人浄泉寺 - Josenji Religious Corporation) को नाममा पूर्ण रूपमा हस्तान्तरण भइसकेको छ।

स्वामित्व गुमाइसकेको र जोसेन्जी धार्मिक संस्थाबाट कुनै पनि आधिकारिक वारेसनामा प्राप्त नगरेको सेनोस कम्पनीसँग गरिएको सम्झौता पूर्ण रूपमा कानुनी रूपमा शून्य (Null and Void) र अमान्य ठहरिन्छ।

५.२. भू-उपयोग नियन्त्रण तथा सहरी विकास नियन्त्रित क्षेत्रको कडा कानुनी बन्देज

प्रस्तावित जग्गा चिबा सहरको आधिकारिक नगर योजना अन्तर्गत "सहरी विकास नियन्त्रित क्षेत्र" (Urbanization Control Area / 市街化調整区域) को अति संवेदनशील भू-भागभित्र पर्दछ।

सरकारी भू-अभिलेखमा जग्गाको आधिकारिक श्रेणी "केइदाईचि" (境内地 - धार्मिक परिसर/मठ-मन्दिरको जग्गा) र "सानरिन" (山林 - वनजंगल) का रूपमा दर्ता गरिएको छ।

जापानी नगर योजना ऐन (City Planning Act / 都市計画法) को धारा ३४ (Article 34) तथा चिबा सहर विकास समीक्षा समितिको मापदण्ड (Chiba City Development Review Council Standards) अनुसार, यस्तो नियन्त्रित र धार्मिक प्रयोजनको क्षेत्रभित्र कुनै पनि गैर-धार्मिक संस्था, विदेशी समुदाय वा NRNA जस्तो संस्थाले व्यावसायिक भवन, सभाहल, बहुउद्देश्यीय सामुदायिक केन्द्र वा "नेपाल हाउस" जस्ता संरचनाहरू निर्माण गर्न कानुनी रूपमा पूर्ण तथा स्पष्ट बन्देज लगाइएको छ। यहाँ स्थानीय निकायबाट निर्माण अनुमति (Building Permit) पाउनु कानुनी रूपमा असम्भवप्रायः छ।

५.३. मध्यस्थकर्ताको लाइसेन्सविहीन (अवैध) हैसियत र व्यावसायिक कसूर

जापानको घरजग्गा कारोबार सम्बन्धी कानुन (टाकुची तातेमोनो तोहिकीयोहोउ / 宅地建物取引業法 - Real Estate Transaction Business Act) अनुसार जग्गाको खरिद-बिक्री, मध्यस्थता वा बैना रकमको कारोबार गर्ने जो सुकै संस्था वा व्यक्तिसँग आधिकारिक प्रिफेक्चुअल लाइसेन्स (License) हुनै पर्छ।

तर, यस परियोजनामा सम्पूर्ण सम्झौताका कागजातहरू तयार पार्ने, मध्यस्थता गर्ने र सेवा शुल्कबापत १,५०० मान (१५,०००,००० येन) सम्मको मोटो दस्तुर माग गर्ने ताकोस आर्किटेक्चर (タコス建築設計事務所) सँग जापानी घरजग्गा कारोबार ऐन अन्तर्गतको आधिकारिक लाइसेन्स नै नरहेको तथ्य पुष्टि भएको छ।

लाइसेन्स विहीन वा अधिकारविहीन तेस्रो पक्षले मध्यस्थता गरी संस्थाबाट रकम असुल्नु वा कारोबार गर्नु जापानी कानुन विपरीतको गम्भीर व्यावसायिक कसूर (Illegal Brokerage) ठहरिन्छ।

६. वित्तीय असंगति र सम्झौताका जोखिमहरू (Financial Discrepancies)

प्रस्तावित जग्गा खरिद प्रक्रियाका क्रममा भएका वित्तीय कारोबारहरू, बैना रकमको अनुपात, भुक्तानीको शैली तथा सम्बन्धित पक्षहरूको अपारदर्शी र धम्कीपूर्ण व्यवहारको गहन छानबिन गर्दा, यस परियोजनामा गम्भीर वित्तीय अनियमितता र संस्थागत जोखिमहरू मौजुद रहेको स्पष्ट भएको छ। वित्तीय सुशासन र जापानी घरजग्गा कारोबारको मानक परिपाटीका आधारमा पाइएका मुख्य असङ्गतिहरू देहाय बमोजिम रहेका छन्:

६.१. अस्वाभाविक एवं अत्यधिक बैना (खारी केइयाकु) रकम भुक्तानी

जापानको सामान्य घरजग्गा कारोबार र कानुनी परिपाटी (Real Estate Practice in Japan) अनुसार खरिद-बिक्रीको मुख्य सम्झौता गर्नु अघि कुल मूल्यको सामान्यतया ५% देखि १०% सम्म मात्र बैना (Teikinto / 手付金) भुक्तानी गर्ने प्रचलन रहन्छ।

तर, यस परियोजनामा आधिकारिक र अन्तिम सम्झौता (Main Contract) नहुँदै तथा कानुनी स्वामित्वको पक्का नगरिँदै जग्गाको निर्धारित मूल्य ९,२०० मान येनको करिब ४५.६% हुन आउने ४,२०० मान येन (४२,०००,००० येन) जस्तो विशाल रकम हतारमा भुक्तानी गरिसकिएको छ।

उक्त ४,२०० मान येन रकमको भुक्तानी बाँडफाँड समेत अत्यन्तै अस्वाभाविक र शंकास्पद देखिन्छ:

सेनोस कम्पनी (株式会社セノス): ५०० मान येन (५,०००,००० येन)

जोसेन्जी धार्मिक संस्था (宗教法人 浄泉寺): ३,७०० मान येन (३७,०००,००० येन)

ताकोस आर्किटेक्चर (タコス建築設計事務所): ५०० मान येन (५,०००,००० येन)

स्वामित्वहीन सेनोस र आधिकारिक लाइसेन्सविहीन ताकोस आर्किटेक्चरलाई यति ठूलो रकम अपारदर्शी रूपमा भुक्तानी गरिनु वित्तीय अनुशासन र संस्थागत सुशासनको घोर उल्लङ्घन हो।

६.२. निर्धारित मूल्य बाहेक अतिरिक्त १५०० मान येनको अपारदर्शी माग

प्रस्तावित जग्गाको खरिद मूल्य ९,२०० मान येन (९२,०००,००० येन) तोकिएको भए तापनि, मध्यस्थकर्ताका रूपमा प्रस्तुत भएका ताकोस आर्किटेक्चरका प्रतिनिधि सासाकी-सान (Sasaki-san) ले थप १,५०० मान येन (१५,०००,००० येन) गैर-कानुनी दस्तुर र सेवा शुल्कका रूपमा माग गरेको पाइएको छ।

जापानी कानुन अनुसार घरजग्गा कारोबारको मध्यस्थता शुल्क (Brokerage Fee / 仲介手数料) को स्पष्ट सीमा (३% + ६ मान येन + उपभोग कर) तोकिएको हुन्छ।

लाइसेन्सविहीन पक्षद्वारा तोकिएको कानुनी सीमाभन्दा कयौँ गुणा बढी रकम अपारदर्शी रूपमा माग गरिनुले वित्तीय धोखाधडी (Financial Fraud) र गैर-कानुनी आर्थिक लाभ लिने बदनियतलाई स्पष्ट पार्छ।

६.३. ठेकेदार पक्षको धम्कीपूर्ण, गैर-जिम्मेवार र आक्रामक व्यवहार

अक्टोबर १४, २०२६ मा अनुगमन समितिको टोली सेनोस HD (セノス HD 株式会社) को कार्यालय (旭市 असही सहर, चिबा) मा पुगी भेटघाट गर्दा, कम्पनीका निर्देशक हितोशी इनाजुमी (稲住均) ले देखाएको व्यवहार अत्यन्तै धम्कीपूर्ण र गैर-जिम्मेवार रहेको थियो।

सोधपुछका क्रममा निर्देशक इनाजुमीले टेबल ठोक्दै: "सुभाष सानलाई मैले पहिलो वार्तामा नै यो जग्गा सिटीले बर्जित गरेको जग्गा भएकोले यहाँ केहि पनि संरचना बन्न र बनाउन मिल्दैन भनेको हो अब तोकिएको समयमा बाँकी रकम नबुझाए हालसम्म भुक्तानी गरिएको एक पैसा पनि फिर्ता हुँदैन, जहाँ जानु छ जाऊ, प्रहरी वा अदालत जहाँ गए पनि जाऊ!" भन्दै आक्रामक र धम्कीपूर्ण भाषा प्रयोग गरे।

यो घटनाले सेनोस कम्पनी NRNA सँग मिलेर समस्या समाधान गर्न वा कानुनी रूपमा रकम फिर्ता गर्न तयार नरहेको र संस्थाको रकम हडप्ने नियत राखेको स्पष्ट पार्छ।

७. टेन्डर आह्वान र पुरानो जग्गाको भ्रामक विज्ञप्ति (Tender Irregularities & Kawato-cho)

प्रस्तावित "नेपाल हाउस" निर्माण परियोजनालाई लिएर NRNA जापानको नेतृत्वद्वारा गरिएको टेन्डर (ठेक्का) आह्वान प्रक्रिया र यसअघि खरिद गरिएको कावातो-चो स्थित जग्गाको वास्तविकतालाई गुमराहमा राख्दै जारी गरिएका सार्वजनिक विज्ञप्तिहरूमा ठूलो मात्रामा प्रक्रियागत त्रुटि, पारदर्शिताको कमी र असत्य दाबीहरू पाइएका छन्। यससँग सम्बन्धित मुख्य तथ्यहरू देहाय बमोजिम स्पष्ट गरिएका छन्:

७.१. गलत कित्ता नम्बर राखी आह्वान गरिएको अवैध टेन्डर प्रक्रिया

संस्थागत रूपमा कुनै पनि भौतिक पूर्वाधार निर्माण वा जग्गा विकासका लागि पारदर्शी टेन्डर (ठेक्का) आह्वान गर्नु पूर्व जग्गाको कानुनी स्वामित्व, आधिकारिक कित्ता नम्बर र प्राविधिक स्पष्टता हुनु अनिवार्य हुन्छ।

तर, यस परियोजनामा खरिद प्रक्रिया अगाडि बढाइएको वास्तविक जग्गाको कित्ता नम्बर ताकादा-चो १६४७-1 (Takada-cho 1647-1) भए तापनि, टेन्डर आह्वानका लागि तयार पारिएका आधिकारिक कागजातहरूमा अर्कै कित्ता नम्बर अर्थात् कित्ता नम्बर १६५० (Lot No. 1650) उल्लेख गरी टेन्डर आह्वान गरिएको पाइएको छ।

अर्कै कित्ता नम्बर राखेर ठेक्का आह्वान गरिनु सामान्य मानवीय त्रुटि नभई गम्भीर कानुनी, प्राविधिक र प्रक्रियागत छलछाम (Severe Legal Flaw) हो। यसले टेन्डर प्रक्रियाको वैधतामाथि मात्र प्रश्न उठाएको छैन, अपितु आम सदस्यहरू र निर्माण व्यवसायीहरूलाई समेत भ्रममा पार्ने नियत प्रष्ट्याउँछ।

७.२. कावातो-चो स्थित पुरानो जग्गाको यथार्थ र सट्टापट्टा सम्बन्धी भ्रामक विज्ञप्ति

NRNA जापानद्वारा यसअघि ठूलो धनराशि (३ करोड ३० लाख येन / 33,000,000 Yen) लगानी गरी खरिद गरिएको कावातो-चो ३१५-५ (Kawato-cho 315-5) स्थित पुरानो जग्गा लामो समयदेखि छिमेकीहरूको कडा उजुरी, वातावरणीय विवाद र निर्माण अनुमतिको अभावका कारण पूर्ण रूपमा अलपत्र अवस्थामा थन्किएको छ।

उक्त पुरानो जग्गाको समस्याबाट पन्छिन र समुदायको आक्रोश साम्य पार्नका लागि १६ मे २०२६ का दिन संस्थाको तर्फबाट एक प्रेस विज्ञप्ति जारी गरिएको थियो।

उक्त विज्ञप्तिमा "नयाँ जग्गाधनीसँग कावातो-चोको जग्गा सट्टापट्टा (Land Exchange) गर्ने प्रक्रिया सफलतापूर्वक सम्पन्न भयो" भनी दाबी गरिएको थियो।

तर, छानबिन समितिको स्थलगत खोजबिन र जग्गाधनी पक्षसँगको प्रत्यक्ष संवादबाट उक्त दाबी पूर्णतः असत्य, निराधार र भ्रामक रहेको अकाट्य पुष्टि भएको छ। वास्तविकतामा कुनै पनि प्रकारको आधिकारिक सट्टापट्टाको सम्झौता नै भएको थिएन, केवल समुदायलाई भ्रममा राख्न र असफलता ढाकछोप गर्नका लागि मात्र उक्त असत्य विज्ञप्ति जारी गरिएको स्पष्ट हुन्छ।

९. गैर आवासीय नेपाली संघ जापानले समाजलाई देखाएको संरचनाको बास्तबिकता

गैर आवासीय नेपाली संघ, जापानले पत्रकार सम्मेलन एवं वेब साईटमा राखेको परिकल्पना गरेको संरचनाको फोटो एवं भिडियो जसलाई タコス建築設計事務所 ताकोस आर्किटेक्चर अफिसले तयार परेको छ त्यसलाई सम्वन्धित सरकारी निकायबाट स्वीकृति लिईएको नदेखिएको छ।

८. संस्थाका विभिन्न निकायहरूको राय तथा धारणा (Stakeholder Opinions)

नेपाल हाउस" निर्माण परियोजनासम्बन्धी विवाद, जग्गा खरिद प्रक्रिया र वित्तीय अपारदर्शिताका विषयमा छानबिन समितिले NRNA जापानका विभिन्न जिम्मेवार तह र सरोकारवालाहरूसँग चरणबद्ध रूपमा प्रत्यक्ष एवं भर्चुअल छलफल आयोजना गरी उनीहरूको आधिकारिक राय तथा दृष्टिकोण अभिलेख गरेको छ। छलफलका क्रममा प्राप्त धारणा र विचारहरूको विस्तृत विवरण देहाय बमोजिम रहेको छ:

८.१. कार्यसमिति (२०२५-२०२७) का पदाधिकारी तथा सदस्यहरूको धारणा (अक्टोबर १७, २०२६)

अक्टोबर १७, २०२६ मा आयोजित NRNA जापान कार्यसमिति र अनुगमन समितिको संयुक्त बैठकमा कार्यसमितिका पदाधिकारीहरू बीच नै गम्भीर मतभेद, विभाजित धारणा र असन्तुष्टिहरू छताछुल्ल भएका छन्:

अध्यक्ष सुवास लामिछानेको भनाइ:

अध्यक्ष लामिछानेले प्रक्रियागत रूपमा आफूहरू स्पष्ट रहेको दाबी गर्दै प्रस्तावित जग्गामा केवल धार्मिक मन्दिर मात्र नभई बहुसांस्कृतिक संरचना (Multicultural Center) समेत बनाउन सकिने तर्क प्रस्तुत गर्नुभयो। यद्यपि, उहाँले यदि कानुनी र प्राविधिक रूपमा यो जग्गामा संरचना निर्माण गर्न पूर्ण रूपमा नमिल्ने आधिकारिक ठहर भएमा कार्यसमितिले नै परियोजना फिर्ता लिने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, खारी केइयाकु (प्रारम्भिक सम्झौता) अन्तर्गत सेनोस कम्पनीलाई भुक्तानी गर्न बाँकी भनिएको ५०० मान येन (५,०००,००० येन) तिर्ने प्रक्रिया अगाडि बढिरहेको जानकारी गराउनुभयो।

असहमति प्रकट गर्ने तथा सचेत पक्षको धारणा (दिपक सुनार, विश्व सुबेदी, श्याम शितल, नेत्र पाण्डे, रामु कँडेल, कामना भण्डारी, विनोद खनाल लगायत):

कार्यसमितिका बहुमत सदस्य तथा पदाधिकारीहरूले जग्गा खरिद प्रक्रिया पारदर्शी नभएको र अपारदर्शी तरिकाले निर्णयहरू लादिएको भन्दै कडा असहमति जनाउनुभयो। उहाँहरूले जग्गा पूर्ण रूपमा कानुनी, पारदर्शी र उपयोगयोग्य हुने गरी ठोस कार्यविभाजन र निष्पक्ष छानबिन गरेर मात्र अघि बढ्नुपर्ने स्पष्ट माग राख्नुभयो।

प्रक्रियागत अस्पष्टतामा असन्तुष्ट पक्ष (टिकाराम खरेल, अञ्जु भण्डारी, भिम बुढाथोकी लगायत):

बैठकमा अन्य पदाधिकारीहरूले नेतृत्व तहबाट निर्णय प्रक्रिया, कानुनी कागजात र वित्तीय लेनदेनबारे सोधिएका प्रश्नहरूको ठोस, चित्तबुझ्दो र स्पष्ट उत्तर नपाइएको भन्दै गम्भीर गुनासो व्यक्त गर्नुभयो।

८.२. क्षेत्रीय समन्वय परिषद् (LCC) हरूको राय तथा असन्तुष्टि (अक्टोबर २४, २०२६)

अक्टोबर २४, २०२६ मा जापानभरका १० वटा क्षेत्रीय समन्वय परिषद् (NCC/LCC) का संयोजकहरूसँग आयोजित विशेष भर्चुअल बैठकमा केन्द्रीय नेतृत्वको कार्यशैलीप्रति क्षेत्रीय नेतृत्वले तीव्र आक्रोश र असन्तुष्टि पोखेका छन्:

९ वटै क्षेत्रीय समितिहरूको समान धारणा:

तोचिगी, ओसाका, सेन्दाई, टोकियो, नागोया, ओकिनावा, गुन्मा, निगाता लगायतका ९ वटै क्षेत्रीय समन्वय परिषद्का संयोजकहरूले केन्द्रीय नेतृत्वले "नेपाल हाउस" जस्तो ठूलो र साझा परियोजनाको जग्गा खरिद प्रक्रिया, निर्धारित मूल्य, भौगोलिक स्थिति र जग्गाभित्र ९६ वटा चिहानहरूको मौजुदगी जस्ता गम्भीर विषयमा आफूहरूलाई पूर्ण रूपमा अन्धकार (Uninformed) मा राखेको भन्दै तीव्र आपत्ति जनाउनुभयो।

चिबा क्षेत्रीय समितिको स्पष्टीकरण:

चिबा क्षेत्रका संयोजक राजन बाबु सुबेदीले भने आफू सुरुवातदेखि नै केही प्रक्रियामा संलग्न रहे पनि यस जग्गामा शतप्रतिशत नेपाल हाउस निर्माण हुन सक्छ भन्ने कुरामा आफू स्वयं पूर्ण रूपमा विश्वस्त नरहेको स्वीकार गर्नुभयो।

८.३. संरक्षक समिति (पूर्व अध्यक्षहरू) को राय तथा सुझाव (अक्टोबर २५, २०२६)

अक्टोबर २५, २०२६ मा NRNA जापानका संरक्षक समिति (पूर्व अध्यक्षहरू) सँग आयोजित उच्चस्तरीय परामर्श बैठकमा संस्थाका अभिभावकहरूले परियोजनाको भविष्य र रकम असुलीबारे स्पष्ट मार्गनिर्देशन गर्नुभएको छ:

बहुमत संरक्षकहरूको स्पष्ट तथा कडा राय (ओम गुरुङ, पारसमणि पोखरेल, सुदन थापा, टासी लामा, देवीलाल भण्डारी, शिव प्रसाद पौडेल लगायत):

संस्थाका बहुमत पूर्व अध्यक्षहरूले प्रस्तावित जग्गाको कुनै कानुनी आधार नभएको, विशाल चिहान क्षेत्र रहेको, दर्ताहीन ऐलानी जग्गा मिसिएको र नगर योजना ऐन अनुसार निर्माण पूर्ण रूपमा निषेधित क्षेत्रमा जापानवासी नेपाली समुदायको रगत-पसिनाको करोडौँ येन डुबाउनु घोर गैर-जिम्मेवारीपन र लापरबाही भएको ठहर गर्नुभयो। संरक्षकहरूले संस्थाको साख र रकम जोगाउन तत्काल खारी केइयाकु सम्झौता रद्द गरी भुक्तानी भइसकेको ४,२०० मान येन रकम कानुनी प्रक्रिया मार्फत असुली गर्न अविलम्ब कदम चाल्न स्पष्ट सुझाव दिनुभयो।

संरक्षक नवीन न्युरेको फरक दृष्टिकोण:

संरक्षक एवं नेपाल हाउसका पूर्व पदाधिकारी नवीन न्युरेले भने जग्गाको उपयोगिता, विकल्पहरू र पुन: संरचना (Restructuring) को सम्भावनाबारे अध्ययन गर्न सकिने भन्दै फरक र सकारात्मक तर्क प्रस्तुत गर्नुभयो।

९. निष्कर्ष तथा सिफारिसहरू

(Conclusion & Recommendations)

निष्कर्ष

चिबा मिदोरी-कु ताकादा-चो १६४७-१ स्थित प्रस्तावित जग्गा र यससँग जोडिएका समग्र कानुनी, प्राविधिक, वातावरणीय तथा वित्तीय पक्षहरूको विस्तृत एवं विस्तृत रूपमा व्याख्यात्मक विश्लेषण गर्दा गैर-आवासीय नेपाली सङ्घ (NRNA) ले परिकल्पना गरेको परियोजनाका लागि हाल प्रस्ताब गरिएको जग्गा खरिद प्रक्रियामा कानुनी जग्गाधनी नभएको पक्षसँग सम्झौता गरिनु, ऐलानी जग्गा समावेश हुनु, ९६ वटा प्रस्तावित चिहान र अस्तु पूजा भवन हुनु, मध्यस्थकर्ता लाइसेन्स विहीन हुनु, बैना रकम अस्वाभाविक हुनु, सम्बन्धित निकायमा सम्पर्क गर्दा ताकोसले बनाएको संरचना र यससंग सम्बन्धित माईन्युट औपचारिक नहुनु, हाल यस संस्थाको नाममा रहेको जग्गाको २.५ करोडमा गर्ने भनिएको सट्टापट्टा प्रक्रिया सत्य नभएको-नहुने देखिको, नजिक १ कित्ता पर रहेको जग्गाको मुल्यांकन भन्दा अत्यन्तै चर्को (लगभग ५ गुणा) हुनुले यो सम्पूर्ण प्रक्रिया अत्यन्तै जोखिमपूर्ण र पारदर्शी नरहेको हुँदा अवैध, अव्यावहारिक र संस्थाका लागि अत्यन्तै उच्च जोखिमपूर्ण रहेको स्पष्ट हुन्छ।

यस परियोजनाको सबैभन्दा मुख्य र अकाट्य कानुनी अड्चन भनेको प्रस्तावित जग्गाको भौगोलिक तथा नगर योजनागत वर्गीकरण हो। यो जग्गा जापानको नगर योजना ऐन (City Planning Act) अनुसार "सहरी विकास नियन्त्रित क्षेत्र" (Urbanization Control Area / 市街化調整区域) भित्र पर्दछ। जापानको कानुन अनुसार यस्तो क्षेत्र तोक्नुको मुख्य उद्देश्य अव्यवस्थित सहरी विस्तारलाई रोक्नु, कृषि तथा वन क्षेत्रको संरक्षण गर्नु र प्राकृतिक वातावरणको सन्तुलन कायम राख्नु हो। नगर योजना ऐनको धारा ३४ तथा चिबा सहर विकास समीक्षा समिति (Chiba City Development Review Council) ले निर्धारण गरेका कडा मापदण्डहरू अनुसार यस्तो नियन्त्रित क्षेत्रभित्र कुनै पनि प्रकारका नयाँ स्थायी पूर्वाधार, सार्वजनिक भवन, बहुउद्देश्यीय कम्प्लेक्स वा व्यावसायिक संरचनाहरू निर्माण गर्न कानुनी रूपमा पूर्ण रूपमा बन्देज लगाइएको छ। त्यसैले, NRNA ले परिकल्पना गरे अनुसारको कुनै पनि मन्दिर, चैत्य, गुम्बा लगायतका भौतिक ढाँचाका निर्माण कार्य यहाँ सञ्चालन गर्नु सुरुवात मै कानुन विपरीत ठहरिन्छ र यस्ता संरचना बनाउनका लागि यस संस्था तोकिएको मापदण्ड भित्र नपर्ने हुँदा प्रथम निवेदन नै अस्वीकार रहने भएकाले स्थानीय निकायबाट यसको निर्माण स्वीकृति प्राप्त गर्नु कानुनी रूपमा असम्भव छ।

कानुनी बन्देजका अतिरिक्त जग्गाको स्वामित्व, सीमा र कानुनी हकको स्थिति झनै विवादित र वित्तीय रूपमा जोखिमपूर्ण देखिन्छ। आधिकारिक ownership (स्वामित्व) नै नभएका वा कानुनी रूपमा बिक्री/सम्झौता गर्ने अधिकारविहीन पक्षहरूसँग सम्झौता गरेर अघि बढ्नुले संस्थालाई भविष्यमा गम्भीर कानुनी संकट र आर्थिक क्षतिमा धकेल्ने निश्चित छ। अझ गम्भीर कुरा त के छ भने, यस प्रस्तावित जग्गाको क्षेत्रफलभित्र सरकारी तथा ऐलानी (सार्वजनिक/Unregistered Land) जग्गा मिसिएको छ। जापानको भू-प्रशासन र दर्ता कानुन अनुसार ऐलानी जग्गा मिसावट भएको क्षेत्रमा कानुनी रूपमा स्पष्ट स्वामित्व हस्तान्तरण र आधिकारिक लालपुर्जा दर्ता प्रक्रिया अगाडि बढाउनै सकिँदैन। यस्तो विवादित र अस्पष्ट भू-भागमा गरिने कुनै पनि लगानी पूर्ण रूपमा असुरक्षित र अवैध मानिन्छ।

यसका साथै, परियोजना स्थलमा मौजुद रहेका ९६ वटा चिहान (Graves) संरचनाहरु, वरिपरि रहेका र बिगत लामो समय देखि अस्तु बिसर्जन गरिरहेका चिहानका बिशाल स्थानहरु हुनुले अर्को गम्भीर व्यावहारिक, कानुनी र सामाजिक चुनौती खडा गरेका छन्। जापानको धार्मिक, सांस्कृतिक तथा स्थानीय वातावरण र चिहान व्यवस्थापन ऐन अनुसार चिहान रहेको जग्गाको पुनर्विकास गर्नु वा चिहानहरूलाई अन्यत्र स्थानान्तरण (Relocation) गर्नु अत्यन्तै जटिल, कानुनी रूपमा झन्झटिलो, अत्यधिक खर्चिलो र स्थानीय समुदाय एवं धार्मिक संस्था भित्रका सबै सदस्यहरुको पूर्ण सहमतिविना व्यावहारिक रूपमा असम्भव हुन्छ। स्थानीय जनभावना, धार्मिक संवेदनशीलता र कडा कानुनी

प्रावधानका कारण यी चिहानका संरचनाहरु नहटाई कुनै पनि निर्माण कार्य अघि बढाउन सकिँदैन, जसले परियोजनाको कार्यान्वयनलाई पूर्ण रूपमा ठप्प बनाउँछ।

यी तमाम कानुनी, प्राविधिक, वातावरणीय र सामाजिक समस्याहरूका बीच परियोजनासँग जोडिएर भएका अपारदर्शी वित्तीय लेनदेनहरूले विषयलाई थप गम्भीर, शंकास्पद र गैर-कानुनी बनाएका छन्। गैर-आवासीय नेपालीहरूको साझा र गैर-नाफामूलक संस्थामा हुनुपर्ने न्यूनतम पारदर्शिता, वित्तीय अनुशासन र संस्थागत सुशासन (Corporate Governance) लाई पूर्ण रूपमा बेवास्ता गर्दै गरिएका अस्वाभाविक आर्थिक कारोबारहरूले संस्थाको साखमाथि नै ठूलो धक्का पुर्याएका छन्। Ownership नभएको जग्गामा रकम पठाउनु र आर्थिक प्रक्रियाले औपचारिताका पुरा नगरी भुक्तानी गरिनुले आर्थिक नोक्सानीको गम्भीर जोखिमलाई पनि बढ्न सक्ने देखिन्छ।

तसर्थ, नगर योजना ऐनको धारा ३४ को स्पष्ट कानुनी प्रतिबन्ध, चिबा सहर विकास समीक्षा समितिको कडा मापदण्ड, स्वामित्वहीन पक्षसँगको गैर-कानुनी सम्झौता, ऐलानी जग्गाको मिसावट, ९६ वटा चिहानको मौजुदगी र अपारदर्शी वित्तीय कारोबार जस्ता बहुआयामिक र गम्भीर कारणहरूले गर्दा NRNA को यो परियोजना पूर्ण रूपमा गैर-कानुनी, अव्यावहारिक र अत्यन्तै उच्च जोखिमयुक्त (Extremely High Risk) ठहरिन्छ। संस्थाको सर्वोपरि हित, लगानीको सुरक्षा र गैर-आवासीय नेपाली समुदायको विश्वास जोगाउनका लागि यस परियोजनालाई कुनै पनि हालतमा अगाडि नबढाई तत्काल पूर्ण रूपमा रद्द गर्नु नै एक मात्र कानुनी, तार्किक, जिम्मेवार र पारदर्शी कदम हुनेछ।

हाल यस संस्थाको नाममा दर्ता रहेको अचल सम्पत्ति (जग्गा) 千葉市中央区川戸町 315-5, 315-7, 315-9, 315-12, 315-13, 315-17 (चिबा सिटि च्युओ वार्ड कावातो-चो) लगायतको कित्ता नम्बरमा रहेको जग्गा साबिकको कार्यसमितिले आफ्ना पंजीकृत सदस्यहरुको सदस्यता शुल्कलाई प्रयोग गरि करिब ३.३ करोडमा खरिद गरिएको भनिएको छ र यो पनि उपयोगबिहीन अवस्थामा रहेको देखिन्छ।

नोट :

हाल प्रस्तावित नेपाल हाउसको जग्गामा रहेको संरचना お墓(समाधिस्थल/चिहान/अस्तु विसर्जन स्थल)को लागि निर्माण गरिएको भएता पनि उक्त संचालक कम्पनीले संचालन गर्न नसकेको/नगरेको (कारण खुलेको छैन) रहेको र जहाँ समाधीस्थलको लागि आवश्यक सबै संरचनाहरु तयार छन्। तर हालसम्म कसैको अस्तु राखिएकोमा प्रमाण नभटिएको।

१०. कार्यान्वयनका लागि निर्णायक सिफारिसहरू (Formal Recommendations for Action)

प्रस्तावित जग्गा (चिबा मिदोरी-कु ताकादा-चो १६४७-१) को कानुनी बन्देज, औपचारिकता पुरा नगरिएका वित्तीय लेनदेन र पुर्व कानुनी हैसियत पक्षहरूसँग गरिएका प्रक्रियागत त्रुटिहरूलाई दृष्टिगत गर्दै संस्थाको साख, लगानी र सुशासन कायम राख्न देहाय बमोजिमका सिफारिसहरु तत्काल कार्यान्वयन गर्न सिफारिस गरिन्छ:

१. कानुनी हैसियतविहीन पक्षहरूसँगका सम्झौताहरूको तत्काल खारेजी

जग्गाको आधिकारिक र कानुनी स्वामित्व नै नभएका पक्षहरू—काबुसिकिगाइसा सेनोस (株式会社セノス) तथा ताकोस आर्किटेक्चर (Takos Architecture)—सँग गरिएका सम्पूर्ण खारी केइयाकु (प्रारम्भिक सम्झौता/仮契約) र बैना (सम्बन्धित पेश्की रकम) सम्झौताहरू कानुनी रूपमा शून्य (Null and Void) घोषित गर्दै तत्काल पूर्ण रूपमा रद्द गरियोस्।

२. जापानी अधिवक्ता मार्फत कानुनी असुली तथा कानुनी कारबाही

संस्थाबाट गैर-स्वामित्ववाला र औपचारिकता पुरा नगरिएका वित्तीय लेनदेनका भुक्तानी भइसकेको ४,२०० मान येन (४२,०००,००० येन) रकम पुनरुत्थान (Recovery) गर्नका लागि:

योग्य जापानी अधिवक्ता (Bengoshi / 弁護士) नियुक्त गरी ठगी (Fraud/詐欺) तथा जालसाजी हो होईन थप अध्ययन गरियोस।

भुक्तानी भइसकेको रकम सम्पूर्ण ब्याज र क्षतिपूर्तिसहित अविलम्ब फिर्ता ल्याउने औपचारिक कानुनी कारबाही (Legal Proceedings) तुरुन्त सुरु गरियोस्।

३. अर्कै कित्ता नम्बर राखी आह्वान गरिएको टेन्डरको खारेजी

प्रस्तावित जग्गाको मुख्य कित्ता भन्दा फरक कित्ता नम्बर (मिदोरी-कु ताकादा-चो १६५०) राखी आह्वान गरिएको टेन्डर प्रक्रिया कानुनी, प्राविधिक र संस्थागत हिसाबले पूर्ण रूपमा अवैध रहेकाले उक्त सम्पूर्ण टेन्डर आह्वानलाई तत्काल र औपचारिक रूपमा खारेज (Annulled) गरियोस्।

४. कावातो-चो स्थित पुरानो जग्गाको यथार्थ विवरण र व्यवस्थापन

कावातो-चो 315-5 लगायतको (Kawato-cho) को जग्गाबारे फैलाइएको "सट्टापट्टा (Land Exchange)" सम्बन्धी भ्रामक तथा असत्य सूचनालाई सच्याउँदै संस्थागत रूपमा आधिकारिक स्पष्टीकरण जारी गरियोस्।

विज्ञ टोली गठन: उक्त जग्गाको वास्तविक कानुनी स्थिति मूल्यांकन गर्दै यसको वैधानिक उपयोग, संरक्षण वा व्यवस्थित बिक्रीका लागि कानुनी तथा भू-प्रशासन सम्बन्धी विशेषज्ञहरू सम्मिलित एक स्वतन्त्र विज्ञ टोली (Expert Committee) गठन गरियोस्।

समितिको वैकल्पिक सुझाव

नेपाल हाउस निर्माणका लागि खरिद प्रक्रियामा रहेको जग्गा संस्थाको उद्देश्य अनुरूप उपयुक्त नरहेको देखिएको छ। यस अवस्थामा, सम्बन्धित पक्षहरूसँग आपसी सहमति र प्रचलित कानुनी व्यवस्थाअनुसार निम्न वैकल्पिक उपायहरू अवलम्बन गर्न सकिने सुझाव प्रस्तुत गरिन्छ।

१. जापानमा रहेको कुनै व्यक्ति या कम्पनीले इच्छा देखाएमा खरिद प्रक्रिया परिवर्तन गर्न सकिने सम्बन्धमा: सम्बन्धित पक्षको सहमति, स्वामित्वको कानुनी अवस्था तथा प्रचलित कानुन अनुसार आवश्यक प्रक्रिया पूरा गरी उक्त जग्गा व्यक्तिगत प्रयोजनका लागि हस्तान्तरण गर्ने सम्भावनाबारे छलफल गर्न सकिनेछ।

२. संस्थाको रकम निश्चित अवधिभित्र फिर्ता गर्ने: जग्गा खरिद प्रक्रियामा संस्थाको रकम लगानी वा भुक्तानी भइसकेको भए, सम्बन्धित पक्षसँग लिखित सहमति गरी उक्त रकम निश्चित समयसीमा, उदाहरणका लागि केही महिनाभित्र, संस्थालाई फिर्ता गर्ने व्यवस्था गर्न सकिनेछ। रकम फिर्ता गर्ने मिति (अधिकतम वर्तमान कार्यकाल भित्रमा), विधि र जिम्मेवारी स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

३. रकम बराबरको सम्पत्ति वा भोगचलनको व्यवस्था गर्ने: रकम तत्काल फिर्ता गर्न सम्भव नभएको अवस्थामा, संस्थाको सहमति र करार रकम नघट्ने सर्तमा मूल्याङ्कनका आधारमा उक्त रकम बराबरको सम्पत्ति वा निश्चित अवधिका लागि भोगचलनको अधिकार उपलब्ध गराउने विकल्पबारे छलफल गर्न सकिनेछ। यस्तो व्यवस्था लिखित सम्झौता तथा कानुनी परामर्शका आधारमा मात्र कार्यान्वयन गर्नुपर्नेछ।

४. भविष्यमा संस्थागत लगानी नगर्ने प्रतिबद्धता: उक्त जग्गासम्बन्धी आर्थिक तथा कानुनी दायित्वको पूर्ण रूपमा टुङ्गो लागेपछि, सम्बन्धित पक्षले यस विषयसँग सम्बन्धित थप संस्थागत लगानी वा आर्थिक दायित्व सिर्जना नगर्ने प्रतिबद्धता लिखित रूपमा व्यक्त गर्ने व्यवस्था गर्न सकिनेछ। यसले संस्थाको आगामी लगानी र आर्थिक व्यवस्थापनलाई स्पष्ट तथा पारदर्शी बनाउन सहयोग पुऱ्याउनेछ।


५. अन्तिम निर्णय र कार्यान्वयन: माथि उल्लिखित विकल्पमध्ये संस्थाको हित, रकमको सुरक्षा र कानुनी सम्भाव्यताका आधारमा उपयुक्त विकल्प छनोट गरी अधिकार प्राप्त कानूनी निकायबाट करार पत्र लेख्न सिफारिस गरिन्छ। सम्पूर्ण प्रक्रिया पारदर्शी, अभिलेखबद्ध र सम्बन्धित पक्षको लिखित सहमतिमा सम्पन्न गरिनेछ।

१०. हस्ताक्षर एवं प्रमाणीकरण (Signatures & Verification)

यो प्रतिवेदन अनुगमन समितिका सम्पूर्ण सदस्यहरू, कानुनी विशेषज्ञहरू र सरोकारवालाहरूको रोहवरमा अक्टोबर २९, २०२६ मा सर्वसम्मत रूपमा पारित गरी NRNA जापानको संरक्षक समिति, कार्यसमिति र आम नेपाली समुदायसमक्ष पेस गरिएको छ।

अनुगमन समिति सल्लाहकारहरू:

रोबिन शेरचन (ICC बरिष्ट उपाध्यक्ष)



शिव प्रसाद पौडेल (ICC सचिव)



ओम गुरुङ (ICC पूर्व उपमहासचिव)



अनुगमन समिति संयोजक:

दीपक कँडेल



अनुगमन समिति सदस्यहरू:


ददिबल खड्का



देवीलाल भण्डारी




दीपक केसी



शालिकराम भण्डारी



बिनोद खनाल (मुक्तिराम)



युवराज गुरुङ



कामना भण्डारी



प्रतिवेदन सार्वजनिक गरिएको मिति: अक्टोबर ३०, २०२६

(टोकियो, जापान)

आवश्यक सन्दर्भ सामग्री यसै साथ राखिएको छ ।

अनुगमन समितिले गरेका कार्य विवरणको प्रक्रिया

पत्रकार सम्मेलनको जिम्मेवारी पश्चात गरिएका सम्पूर्ण बैठक एवं कार्यसम्पादनको सम्पूर्ण विवरण

अनुगमन समितिले गरेका कार्य विवरणको प्रक्रिया भित्र रहेका सम्पूर्ण डाटा एवं संवाद केवल यस अध्ययन गरि सत्य तथ्यका जुटाउनका लागि प्राप्त अख्तियारी स्वरुप गरिएको हुँदा अन्य प्रयोजन एवं व्यक्तिगत संवादका रुपमा नलिई दिनका लागि यस समिति अनुरोध गर्दछ।

(यी तलका विवरणहरु प्रतिवेदन लेखन कार्यका लागि शुरुदेखि नै गरिएको प्रारम्भिक नोट हो, कहिँ कतै भाषा, शब्द, भाब अपुष्ट पनि हुन सक्नेछ)

१. अक्टोबर ४ तारेख पत्रकार सम्मेलन

गैर आवासीय नेपाली संघ जापान कार्यसमिति सहितको सर्व पक्षीय भेलाद्वारा ११ सदस्यीय अनुगमन समिति गठन

पहिलो बैठक - अक्टोबर ४ तारेख ६ बजे कुमारी रेस्टुरेन्ट सिन्ज्युकुमा पहिलो बैठक

जापानी फुदोसान ..... र सासाकी सानसँग यो बारेमा टेलिफोनबाट थप बुझ्नका लागि कल गरियो पहिलो पटक अक्टोबर ५ मा अनुगमन समिति सदस्य बिनोद खनाल (मुक्तिराम) र युवराज गुरुङले स्थलगत अवलोकन गरियो

अक्टोबर ८ तारेख ११ बजे

अनुगमन समितिका संयोजक दिपक कंडेल सहित सदस्यहरु दिपक केसी, देवीलाल भण्डारी, बिनोद खनाल (मुक्तिराम), युवराज गुरुङ, कामना भण्डारी सहितले प्रस्तावित नेपाल हाउसका लागि जग्गा खरिद गर्न खोजिएको जग्गाको स्थलगत अवलोकन गरियो

अवलोकन गर्दा देखिएका कुराहरु

जग्गाको नाम : 浄泉寺某地 ज्यौसेन्जी चिहान स्थल

ठेगाना : चिबा सिटी मिदोरी कु ताकादा च्यो १६४७-१

जग्गाको चार किल्ला - अगाडी १६४७-६, १६४७-७, दाया १६४७-४, १६५२-२, १६५२-१, बाँया १६४६-२, १६४६-५, १६४६-४ र पछाडी १६४७-३, १६४७-२ ले घेरिएको

देखिएका संरचना - बाटोबाट प्रस्ट देखिने १ तल्लाको भवन (२७६.६९ m2), अस्तु बिसर्जन गर्न आउने व्यक्तिहरुले अस्तुको पूजा एवं अन्तेष्टिका लागि तयारी गर्ने पूजा विधि गरिने उद्देश्यले निर्माण भएको संरचना (होन दोउ) ।

जग्गाको जानकारी -

जग्गा २ प्लटमा बाडिएको

पहिलो प्लट ९७६.७७ च्युबो जुन तोकिबो तोहोनमा दर्ता गरिएको

८६९.३७ च्युबो दर्तामा नभएको गरि जम्मा जग्गा खुल्ला चौर सहित टोटल क्षेत्रफल १८४६.१४ च्युबो

नम्बरी या सरकारी निकायमा दर्ता गरिएको जग्गा सल्लो को रुखले घेरिएको बाँकी ऐलानी जग्गा झाडीले भरिएको

ओहाका (चिहान) संरचना - ९६ वटा

सामुहिक ओहाका या समाधि स्थल - १ वटा

पार्किंग स्थल - ५-६ वटा

ओहाका या चिहानका सबै संरचनासम्म पुग्ने पानीको निकास जडान

ऐलानी जग्गाको अवस्था - सल्लो रुखले घेरिएको चौर देखि भित्र झाडीले भरिएको, ऐलानी जग्गाको पछाडी अरु नै कम्पनीको नाममा दर्ता रहेको जग्गा (कित्ता नम्बर १६४७-२, १६४७-३) ले जोडिएको

खरिद प्रक्रियामा रहेको जग्गाबाट वरिपरि रहेका ओहाका या चिहान स्थलहरुको विवरण

जग्गाको बाँया साधबाट करिब ६० मिटर दुरीमा र पछाडी साधबाट करिब ७० मिटर दुरीमा चिबा हिगासी रेइएन (चिबा हिगासी चिहान बगैचा) रहेको जहाँ दशौँ हजार अस्तुहरुको बिसर्जन र व्यवस्थापन गरिएको रहेछ । जुन सन् १८८१ बाट संचालन गरिएको रहेछ ।

ताकोस आर्किटेक्चरका सासाकी सानसँग केहि प्रश्न गर्दा

यो संरचनाको नक्सा पास गरेको हो, यहाँ नक्सामा देखिएको सबै संरचना बन्न सक्नेछन, होकेंज्यो, सिटी लगायत निकायमा गर्नु पर्ने सबै गरेको छु बाहिर बन्ने मन्दिर-चैत्य गुम्बाको लागि बनाईको स्तम्भमा कोहि पनि भित्र छिर्न नमिल्ने भन्दा अनि मन्दिरको लागि हामीले तयार गर्न खोजेको हो भन्दा त्यो त खासै कुरा आएको छैन, यहाँ ओफ़ुरो, साउना, कन्टेनर होटेल, फ़ुट्सल, भलिवल चौर, BBQ पार्क लगायत बनाउन लागेको र त्यसैको लागि तयारी गरिरहेको जवाफ दिए ।

यो जग्गाको लागि सम्पूर्णको खरिद प्रक्रिया कागजात आफुले लेखेको हुँदा यसको लागि आउने शुल्क १.५ करोड आफै लिने भने, साथै जग्गा धनी मन्दिर हो तर किन फरक व्यक्ति संग करार गरिएको भन्दा त्यसको बारेमा सोध्दा त्यति प्रष्ट उत्तर दिन सकेनन्।

उक्त संरचनाको प्रस्तावित नमुना, करार पत्र, होकेंज्योमा गरिएको संवादको कपि पनि यसै प्रतिवेदनको सन्दर्भ सामग्रीमा राखिएको छ, जस मुताबिक यस समितिले पनि अध्ययन गरेको थियो।

(अनुगमन गर्दा खिचिएका फोटो, भिडियोहरु एकमुस्ट रुपमा रिफरेन्सका लागि राखिएको छ)

नोट : विशेस उपस्थिति Nrna जापान अध्यक्ष सुभास लामिछाने, ताकोस केन्चिकु जिमुस्योका प्रतिनिधि सासकी सानको पनि उपस्थिति

दिउसो ३ बजे चिबा मिदोरी सिटी अवस्थित इओन मल भित्र रहेको टिक्का बिरियानी नामक रेस्टुरेन्टमा अनुगमन समितिको पुन भेटघाट गरियो,

नोट : अनुगमन समितिका थप सदस्य एवं सल्लाहकार व्यक्तिहरु रोबिन शेरचन, ओम गुरुङ, शिव प्रसाद पौडेलको पनि उपस्थिति रह्यो

छलफल विषय : फुदोसान भनि खारी केइयाकु लेख्ने ताकोस केन्चिकु जिमुस्योका प्रतिनिधि सासाकीसँग Nrna जापानले गरेको खारी केइयाकुका विषयमा छलफल गरियो

यस छलफलमा खारी केइयाकु पेपरमा केहि संकास्पद देखिदा अनुगमन सदस्य शिव प्रसाद पौडेलको फुदोसान कम्पनीमा रहेका फुदोसान सम्वन्धी लामो अनुभबी ..... सान र आवश्यकीय कानुनी जाचबुझका लागि ग्योसेस्योसी इनोउने सानलाई अक्टोबर ९ मा भेट्ने निर्णय गरियो।

अक्टोबर ९ - भौतिक बैठक

स्थान - गाजेबो, सिनओकुबो शिन्ज्युकु

समय : १६:०० बजे

छलफल - अनुगमन समितिलाई प्राप्त भएको खारी केइयाकु (जग्गा खरिद बैना करार पत्र) को अध्ययन सम्वन्धमा

यस सँस्थाका संरक्षक एवं अनुगमन समिति सल्लाहकार ICC सचिब शिव प्रसाद पौडेलले संचालन गर्नुभएको ग्लोबल फुदोसान कम्पनीमा काम गर्ने ..... सान लाई अनुगमन समितिलाई प्राप्त खारी केइयाकु (जग्गा खरिद बैना करार पत्र) लाई देखाई अध्ययन गर्दा

करार पहिलो पक्ष - 株式会社セノス

代表取締役 妹尾　瞳

करार दोस्रो पक्ष - 一般社団法人 Nrna Japan 海外在住ネパール人協会日本支部

यो करार पत्रले औपचारिक रुपले पूर्णता नदेखिएको, करार गरिएका २ पक्षलाई अध्ययन गर्दा पहिलो पक्ष वर्तमान जग्गा धनी नदेखिएको, करार पहिलो पक्षले मिति २०१४/११/१० मा नै आफ्नो स्वामित्वको जग्गालाई 宗教法人浄泉寺 लाई हस्तान्तरण गरेको देखियो, वर्तमान जग्गाधनी 宗教法人浄泉寺 सँगको करार सम्झौता नहुँदा संकास्पद देखिन आएको, खारी केइयाकु गर्दा अत्यन्तै धेरै रकम भुक्तान गर्नु पर्ने देखिएको जुन सामान्यत ५-१०% रकम भुक्तान गर्दा खारी केइयाकु लेखिने गरिने, यो करार पत्र लेखिदिने タコス建築設計事務所 सँग फुदोसान कारोबार गर्ने अनुमति या लाईसेन्स पनि नरहेको देखिन आएको, लेखिएका करारका बुदाहरु पनि अस्पष्ट र अपूर्ण रहेकाले यो जालसाजी हुनसक्ने ठहर गरेर प्रहरी या अदालतीय प्रक्रियामा जानु भन्ने सुझाब उक्त विज्ञले यस अनुगमन समितिलाई जानकारी गराएका

साथै सासागी सानलाई प्रस्तावित जग्गाको प्रकृति र भोगचलन सम्वन्धी विवरण सम्वन्धित स्थानीय निकायबाट जानकारी लिन र यस समितिलाई चाडै नै जग्गाको ओरिजिनल तोकिबो तोहोन, जग्गाको थप विवरण सहित विवरण उपलब्ध गराउनका लागि अनुरोध गरियो

अक्टोबर १४, बुधबारका दिन दिउसो ३ बजे खारी केइयाकु गरिएको भनेको पहिलो पक्षलाई भेट्नका लागि セノス HD 株式会社アセットマネジメント部, 〒289-2714 千葉県旭市三川せ 3994-1 मा अवस्थित यस कम्पनीका 取締役部長 稲住均 संग जाने निर्णय गरियो ।

उपस्थिति : अनुगमन समिति सयोजक दिपक कंडेल, सदस्यहरु दिपक केसी, युवराज गुरुङ, कामना भण्डारी, अनुगमन समिति सल्लाहकारहरु रोबिन शेरचन, ओम गुरुङ, शिव प्रसाद पौडेल

विशेस उपस्थिति : ग्लोबल फुदोसानका ..... सान, ग्योउसेइस्योसी इनोउए सान

Nrna जापानका अध्यक्ष सुभास लामिछानेसँग टेलिफोन सम्पर्क गरिएको तर कार्य व्यस्तताका कारणले उपस्थिति हुन नसक्ने जानकारी गराउनु भएको

अक्टोबर १०

अनुगमन समितिको भर्चुअल बैठक - अनौपचारिक

अक्टोबर ११

अनुगमन समितिको भर्चुअल बैठक - अनौपचारिक

अक्टोबर १२

अनुगमन समितिको भर्चुअल बैठक - अनौपचारिक

अक्टोबर १३ - मेसेन्जर भर्चुअल

मेसेन्जर भर्चुअल बैठकको सार

अक्टोबर ९ मा सासागी सानलाई जग्गाको प्रकृति र भोगचलन सम्वन्धी थप विवरण लिनका लागि दिईएको जिम्मेवारी अनुसार यस भर्चुअल बैठकले उक्त विवरण लियो

विवरण अनुसार - प्राप्त जिम्मा अनुसार सासाकी सान चिबाको सम्वन्धित निकायको डेस्कमा गएर बुझी आउदा जग्गाको प्रकृति सानरिन (बनजंगल) को जग्गाबाट केइदाईचि (धार्मिक संस्थानको चौर या बगैचा) परिवर्तन भएको देखियो र यस प्रकृतिको जग्गा खरिद बिक्रि या नामसारी प्रक्रिया थप झन्झटिलो रहेको बुझियो । यस जग्गा चिबा सिटीले शहरीकरण नियन्त्रण क्षेत्र 市街化調整区域 Urbanization Control Area भनेर छुट्याएको दायरा भित्रको जग्गा रहेको हुँदा जग्गा खरिद पश्चात पनि यस क्षेत्र भित्र कुनै पनि नँया संरचना बन्न र बनाउन, अहिले वर्तमान अवस्थामा रहेको संरचना उपभोग गर्नका लागि पनि चिबा सिटीको सम्वन्धित निकायले तोकेको मापदण्ड अनुसार विभिन्न कानुनी प्रक्रिया पुरा गर्नुपर्ने रहेको जानकारी प्राप्त गरियो, तर जुन कानुनी प्रक्रिया पुरा गर्न हाम्रो संस्थाको तर्फबाट सम्भब नदेखिएको ।

उक्त कानुनी मापदण्ड - 開発許可等に関する立地基準 (都市計画法第 34 条関係) 平成 6 年 10 月 1 日制定/最終改正:令和 8 年 4 月 1 日, (वि

(सम्बन्धित निकायले उपलब्ध गराएको कानुनी मापदण्डको फाईललाई पनि यसै QR राखिएको छ)

अक्टोबर १४, बुधबार

セノス HD 株式会社 सँगको भेट समय ३ बजे

उपस्थित स्थान : セノス HD 株式会社アセットマネジメント部, को अफिस〒289-2714 千葉県旭市三川せ 3994-1

भेट गरिएको व्यक्ति : 取締役部長 稲住均 निर्देशक हितोशी इनाजुमी

छलफलका विषयहरु :

करार पत्रमा राखिएका बुदहरुको बिवरण, जग्गाको कित्ता नम्बर, मूल्य, जग्गाको प्रकृति, जग्गामा बनाउन मिल्ने संरचना, दर्तामा रहेको जग्गाको क्षेत्रफल, जग्गाको नापी नगरेको क्षेत्रफल, खारी केईयाकु गर्दा किन धेरै रकम भुक्तानी मागिएको, उक्त जग्गामा रहेको-बनाईएको संरचनाको प्रकृति, नाम सारी गरिने अवधि, नामसारी गर्ने प्रक्रिया, खारी केईयाकु तयार गर्ने फुदोसानको कानुनी विवरण, फुदोसानको दस्तुर, हालसम्म गरिएको भुक्तानीको विवरण, भुक्तानी तरिका, किन करार पत्र प्रत्यक्ष रुपमा जग्गाधनी 宗教法人浄泉寺 सँग नगरिएको, जग्गाधनीको हालको अवस्था, भेट्न मिल्ने कि नमिल्ने, करारमा राखिएको पहिलो पक्षको जग्गासँग धनी सँगको सम्वन्ध, करार पत्रको पहिलो पक्ष 株式会社セノス को जग्गा धनी (宗教法人浄泉寺 धार्मिक सँस्था जसले お墓 या चिहानको

व्यवस्थापन गर्दछ) सँग जग्गा बिक्री गर्नका लागि दिईएको वारेसनामा या 代理人 को पत्रको चेक, होमुक्योकुमा दर्ता भएको तोकिबो तोहोन 本一ム局の登記簿謄本 मा दर्ता हुन बाँकी जग्गाको नापी एवं दर्ता प्रक्रिया, उक्त कार्यका लागि आवश्यकीय शुल्क भुक्तानी एवं जिम्मवारी कुन पक्षको, यदि उक्त जग्गामा दोस्रो पक्ष Nrna जापानले चाहेको संरचना निर्माण गर्न नमिल्ने देखेको खण्डमा यस करार पत्रबाट अलग्गिन या रद्द गर्न चाहेमा कुन प्रक्रिया आकर्षित हुने, लाग्ने दस्तुर साथै आवश्यकीय जरिवाना शुल्क रकम लगायतको विषय ।

करार पत्रमा राखिएका बुदाहरु जग्गाको कित्ता नम्बर - 高田町 1647 番地一 1

मूल्य - ९२०० मान

प्रतिप्रश्न - अनि 夕コス設計事務所 को थप १५०० मान नि ?

यस बारेमा मलाई थाहा भएन !

जग्गाको प्रकृति - 境内地 धार्मिक संस्थाले प्रयोगका लागि बनाईको बगैचा या चौर

जग्गामा बनाउन मिल्ने संरचना - धार्मिक संस्थाले व्यवस्थापन गर्न मिल्ने お墓, 墓地 ओहाका/समाधिस्थल, खुल्ला चौर

दर्तामा रहेको जग्गाको क्षेत्रफल - ९७६.७७ च्युबो

जग्गाको नापी नगरेको क्षेत्रफल - ८६९.३७ च्युबो

खारी केईयाकु गर्दा किन धेरै रकम भुक्तानी मागिएको - दुवै पक्षको सहमतिले बनाईएको

उक्त जग्गामा रहेको-बनाईएको संरचनाको र यसको प्रकृति - होन्दोउ (本堂), जुन अस्तु बिसर्जनका लागि आत्माको प्राथना, पूजा, आवश्यकीय विधि प्रक्रियाका लागि प्रयोग गरिने कक्ष, उक्त घर जस्तो संरचनाको पछाडी रहेका ९६ वटा अस्तु विसर्जन स्थल, सामुहिक अस्तु बिसर्जन स्थल र प्राथना स्तम्भ

यो जग्गाको प्रकृतिको जानकारी किन नगराईको - सबैभन्दा पहिलो बैठक या भेटमा नै सबै तथ्यहरु बताइएको थियो, त्यहाँ कुनै पनि संरचना बनाउन नमिल्ने बताएको हो तर खरिदका लागि आएका व्यक्तिहरु विशेषत सुभास सानले ओसाकामा रहेको नेपालको बाम्पाकु (Osaka Expo) को सम्पूर्ण सामाग्रीहरु लिएर आउने र त्यसलाई कन्टेनरमा स्टोर गर्ने भन्ने कुरा मात्रै भएको थियो । संरचना बनाउन नमिल्ने पहिला नै जानकारी गराईएको ।

नाम सारी गरिने अवधि - खारी केईयाकुका लागि ४५०० मान भुक्तानी गरिसके पछि होन केईयाकु गरिने, त्यसपछि बाँकी रहेको भुक्तानी पश्चात नाम सारीको प्रक्रिया अगाडी बढाईने, पुरा भुक्तानी गरेपछि धार्मिक संस्थानले विक्रिका लागि गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गर्नका लागि ३ महिनासम्म पनि लाग्न सक्ने

नामसारी गर्ने प्रक्रिया - भुक्तानी पश्चात धार्मिक संस्थानका वर्तमान समिति सदस्यहरुको राय लिने, वारेस लिने, सार्वजनिक सूचना प्रकाशित गर्ने सहितको प्रक्रिया पुरा गरि दर्तामा रहेको जग्गाको स्वामित्व हस्तान्तरण या नामसारीको प्रक्रिया अगाडी बढाउने

खारी केईयाकु तयार गर्ने फुदोसानको कानुनी विवरण - यहाँ पहिलो पक्ष र दोस्रो पक्षले प्रत्यक्ष करार साथै सम्झौता गर्ने हुँदा फुदोसानलाई प्रयोग गरिएको छैन।

प्रतिप्रश्न - अहिले खारी केईयाकु गर्ने 夕コス設計事務所 को हो र उसले लिने भनेको दस्तुर के का लागि हो ?

उत्तर - सम्वन्धित कम्पनी या व्यक्तिलाई सोध्नुस, मलाई थाहा छैन

फुदोसानको दस्तुर - मलाई थाहा भएन

हालसम्म गरिएको भुक्तानीको विवरण - 宗教法人浄泉寺 लाई ४२०० मान भुक्तानी गरिएको

उक्त व्यक्तिको प्रश्न - बाँकी रकम कहिले भुक्तानी गर्दछौ ?

अनुगमन समिति उत्तर - त्यो हाम्रो जिम्मा नभएको

उक्त व्यक्तिको जवाफ - छिटो भुक्तानी आउनु पर्यो, सुभाससानले हामीले सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेको छैन, के रकम भुक्तानी नगर्ने हो ? नभए अहिले पैसा पनि फिर्ता हुन्न है, दिमागमा राख

भुक्तानी तरिका - बैंक ट्रान्सफर,

भुक्तानी गरिएका कम्पनीको विवरण - 株式会社セノス - ५०० मान, 浄泉寺 - ३७०० मान, タコス設計事務所 ५०० मान

किन करार पत्र प्रत्यक्ष रुपमा जग्गाधनी 宗教法人浄泉寺 सँग नगरिएको - धार्मिक सँस्थालाई 株式会社セノス ले जग्गा दान गरेको भएर उसले बेच्ने जिम्मा लिएको

प्रतिप्रश्न - के उसलाई यस जग्गा बेच्ने अधिकृत वारेस छ त् ?

उत्तर - छ तर अहिले देखाउन मिल्दैन

जग्गाधनीको हालको अवस्था - धार्मिक सँस्था भएकोले चलिरहेको छ

भेट्न मिल्ने कि नमिल्ने - नमिल्ने

करारमा राखिएको पहिलो पक्षको जग्गा धनी सँगको सम्वन्ध - यस धार्मिक सँस्थालाई जग्गा दान गर्ने व्यक्ति

करार पत्रको पहिलो पक्ष 株式会社セノス को जग्गा धनी (宗教法人浄泉寺 धार्मिक सँस्था जसले お墓 या चिहानको व्यवस्थापन गर्दछ) सँग जग्गा बिक्री गर्नका लागि दिईएको वारेसनामा या 代理人 को पत्रको चेक - अहिले छैन, थाहा छैन

होमुक्योकुमा दर्ता भएको तोकिबो तोहोन ホーム局の登記簿謄本 मा दर्ता हुन बाँकी जग्गाको नापी एवं दर्ता प्रक्रिया

उक्त कार्यका लागि आवश्यकीय शुल्क भुक्तानी एवं जिम्मवारी कुन पक्षको - होन केईयाकु गरेर सम्पूर्ण भुक्तानी पश्चात खरिद कर्ताले आफै गर्नुपर्ने

यदि उक्त जग्गामा दोस्रो पक्ष Nrna जापानले चाहेको संरचना निर्माण गर्न नमिल्ने देखेको खण्डमा यस करार पत्रबाट अलग्गिन या रद्द गर्न चाहेमा कुन प्रक्रिया आकर्षित हुने - करार पत्रमा लेखिएको २० % , ए ए होईन, अहिले कत्ति पनि फिर्ता हुदैन, किनकि समयमा दोस्रो पक्षबाट भुक्तानी नभएको र यहाँको अफिस एवं अन्य खर्च मात्रै भएको हुँदा बाँकी रकम कहिले भुक्तानी गर्दछौ ? भन्दै टेबल समेत ठोकेको ! यो हाम्रो तवरले कुनै पनि रकम फिर्ता हुदैन, जहाँ जानु छ जाउ, अदालत जाउ या प्रहरीकोमा जाउ !!

लाग्ने दस्तुर साथै आवश्यकीय जरिवाना शुल्क रकम - खरिद कर्ताले तिर्नु पर्ने

के यहि प्रश्नका लागि आएका हौँ ? भुक्तानी कसले कहाँ तिर्ने हो ? तिमीहरु फर्क, यहाँ मलाई बोल्नु छैन ! भुक्तानीका लागि चाडै गर भनेर उक्त व्यक्तिले चर्का चर्की गरेको ।

नोट : उक्त कम्पनी खारी केईयाकु गरिएको कम्पनी 株式会社セノス होईन र यो कम्पनी र कम्पनीमा रहेको कुनै पनि व्यक्तिहरु जग्गा खरिद करार पत्रमा राखिएका कम्पनी या ब्यक्तिहरुहरु सम्वन्ध देखिदैन।

उपस्थिति - संयोजक दिपक कंडेल, रोबिन शेरचन, देविलाल भण्डारी, दिपक केसी, युवराज गुरुङ

विशेष उपस्थिति - सासाकी सान (फुदोसान प्रतिनिधि), ईनोउए सान, राजन बाबु सुबेदी, दीपक गौतम,

युवा संयोजक नबिन न्युरे (पहिला नै उक्त व्यक्ति सँग भेट गरेर निस्कदा अनुगमन समिति संग जम्काभेट भएको)

उक्त बैंठक सके पछि साँझ ७.३० बजे नाका मेगुरो स्थित Asian Dining SITA मा भेटेर आजको समिक्षा गरियो

अक्टोबर १५ तारेख

अनुगमन समितिको भर्चुअल बैठक - अनौपचारिक

अक्टोबर १६ तारेख

अनुगमन समितिको भर्चुअल बैठक - अनौपचारिक

अक्टोबर १७ तारेख

Nrna जापान कार्य समिति र अनुगमन समितिको संयुक्त बैंठक, समय २ बजे दिउसो

प्रमुख छलफलका विषयहरु -

नेपाल हाउसको बारेमा जानकार रहेको या नरहेको

पुरानो जग्गाको विवरण जानकार रहेको या नरहेको

प्रस्तावित नेपाल हाउसका लागि हाल खरिद प्रक्रियामा रहेको जग्गाका लागि हालसम्म संस्थाले गरेको भुक्तानीको बारेमा जानकार रहेको या नरहेको

संस्थाले उक्त प्रस्तावित नेपाल हाउस परियोजनाका लागि कुन कुन कम्पनीसंग कार्य गर्दै गरेको जानकारी कति छ ?

संस्थाले अब तिर्न बाँकी रकम कति छ र कसरी भुक्तानी गर्ने सोच गर्दैछ, जग्गा खरिद प्रक्रिया संस्थाले अगाडी बढाउदा गरिएको संस्थागत प्रक्रिया,

संस्थाले चाहेको जस्तो संरचना बन्नेछ भन्नेमा कत्तिको बिश्वस्त हुनुहुन्छ ?

भविष्यमा नेपाल हाउसको उक्त संरचनाको उपयोगितालाई कसरी मनन गर्नुभएको छ ?

प्रस्तावित जग्गामा नेपाल हाउस बन्नेछ भन्नेमा तपाइँको सुनिश्चता के छ ?

यदि उक्त जग्गामा नेपाल हाउसको संकल्पित संरचना नबनेमा यसको जिम्मा कसरी लिने सोच्नु भएको छ ?

यिनै प्रमुख विषयमा कार्यसमितिका पदाधिकारी एवं सदस्य साथीहरु संग छलफल गरि सबैको राय धारणा लिने कार्य गरियो,

जुन अडियो रेकर्डमा पनि सुरक्षित राखिएको छ, जसको लिंक यसै QR मा राखिएको छ ।

उपस्थित हुने सम्पूर्ण व्यक्तिहरुको विवरण पनि यसै साथ लिंकमा राखिएको छ।

अक्टोबर १८ तारेख

अनुगमन समितिको भर्चुअल बैठक - अनौपचारिक

अक्टोबर १९ तारेख

अनुगमन समितिको भर्चुअल बैठक - अनौपचारिक

अक्टोबर २० तारेख

अनुगमन समितिको भर्चुअल बैठक - अनौपचारिक

अक्टोबर २१ तारेख

अक्टोबर २२ तारेख

अनुगमन समितिको भर्चुअल बैठक - अनौपचारिक तर चाडै नै चिबा सिटी या सम्बन्धित निकायसंग बुझ्न जाने छलफल

अक्टोबर २३ तारेख

नेपालबाट प्रकाशित हुने जनआस्था साप्ताहिक पत्रिकामा प्रकाशित "जापानमा पनि रोपियो नेपाली बीच विवादको बिउ" भन्ने शिर्षकको समाचार लेखका बारेमा यस अनुगमन समिति सदस्यहरुमा अनौपचारिक भर्चुअल बैंठक बसी यस विषयलाई थप अध्ययन गरि यदि यस समितिका कोहि कसैले पनि उक्त पत्रिकामा जानकारी गराएको थाहा भएमा थप सोधपुछ गर्ने बारेमा छलफल चलाईएको थियो।

अक्टोबर २४ तारेख

यस अनुगमन समितिले Nrna जापान मातहतका क्षेत्रीय समन्वय परिषदहरुसँग प्रस्तावित जग्गा एवं नेपाल हाउसका बारेमा क्षेत्रीय समितिको धारणा सहितको जानकारी लिनका लागि साँझ ९ बजे भर्चुअल (Zoom) बैंठक प्रस्ताब गरियो

निर्धारित समयमा बैंठक बस्दै यस राष्ट्रिय समन्वय परिषद जापानका मातहतका क्षेत्रीय समिति परिषद संयोजकज्युहरुको राय र धारणा लिने काम गरियो

उपस्थित १० क्षेत्रीय समिति संयोजकहरु मध्ये चिबा क्षेत्रीय समिति परिषद संयोजक राजन बाबु सुबेदी बाहेक अन्य सम्पूर्ण संयोजकज्युहरुले यस नेपाल हाउस सम्वन्धि 千葉県千葉市中央区川戸町 315−5 मा रहेको जग्गा खरिद प्रक्रिया र यसको वर्तमान अवस्था, नेपाल हाउसका लागि वर्तमान समयमा खरिद गर्न खोजिएको स्थान, जग्गा विवरण, खरिद मूल्य साथै प्रस्तावित संरचनाको बारेमा आफु र आफ्नो क्षेत्रीय समिति अनविज्ञ रहेको जानकारी गराए ।

चिबा क्षेत्रीय समिति परिषद संयोजक राजन बाबु सुबेदीका अनुसार आफु नेपाल हाउसका लागि गरिरहेको क्रियाकलापमा

प्रत्यक्ष संलग्न रहेको हुँदा खरिद गरिएको पुरानो जग्गाको विवरण, खरिद प्रक्रिया, हालको अवस्था, प्रस्तावित नँया जग्गा र संरचनाका बारेमा पूर्ण जानकारी रहेको साथै संरचना निर्माणका लागि आफु सम्वन्धित स्थानीय निकायसँग यस बारेमा धेरै पटक बुझ्न गएको जानकारी गराए ।

उपस्थिति -

अनुगमन समितिबाट - संयोजक दिपक कंडेल, शिव प्रसाद पौडेल, देविलाल भण्डारी, दिपक केसी, बिनोद खनाल, युवराज गुरुङ, कामना भण्डारी, शालिकराम भण्डारी,

क्षेत्रीय समन्वय परिषदबाट - युवराज लामा तोचिगी, अनुप घर्ति (भिम) ओसाका, आशिष गुरुङ सेन्दाई, दिपक सुबेदी टोकियो, योमन देवान नागोया, सुभास गुरुङ ओकिनावा, राजन बाबु सुबेदी चिबा, रामलाल तामांग गुम्बा, दिनेश सुनार निगाता,

अक्टोबर २५ तारेख

यस अनुगमन समितिले Nrna जापानका संरक्षक समितिसँग प्रस्तावित जग्गा एवं नेपाल हाउसका बारेमा संरक्षक (पुर्व अध्यक्षज्युहरु) को धारणा सहितको जानकारी लिनका लागि साँझ ९:१५ बजे भर्चुअल (Zoom) बैंठक प्रस्ताब गरियो

निर्धारित समयमा बैंठक बस्दै यस राष्ट्रिय समन्वय परिषद जापानको संरक्षक समितिसँग संरक्षकज्युहरु

(पुर्व अध्यक्षज्युहरु) को राय र धारणा लिने काम गरियो

पुर्व अध्यक्षहरु - ओम गुरुङ, पारसमणि पोखरेल, सुदन थापा, टासी लामा, देविलाल भण्डारी, शिव प्रसाद पौडेल, नविन न्युरेज्युहरुले आ-आफ्नो धारणा एवं राय प्रस्तुत गर्नु भयो ।

अक्टोबर २६ तारेख, सोमबार

यस अनुगमन समितिका संयोजक दिपक कंडेल, युवराज गुरुङ, बिनोद खनाल मुक्तिराम लगायत चिबाको सियाकुस्यो 千葉市役所 गएर सम्वन्धित निकाय 千葉市都市局建築部宅地課 को डेस्कमा गई प्रस्तावित जग्गाको प्रकृति साथै Nrna जापानले बनाउन चाहेको संरचनाको नक्सा 図面 का बारेमा क्योउका लिने प्रक्रियाका लागि पुन छलफल गरियो ।

उक्त छलफलले स्थानीय निकायको सम्बन्धित डेस्कले पुन उक्त जग्गा शहरीकरण गर्नका लागि प्रतिवन्धित जग्गा क्षेत्र (市街化調整区域 भित्र रहेको जग्गा भएकोले यस सम्बन्धि कानून 開発許可等に関する立地基準 (都市計画法第 34 条関係) 平成 6 年 10 月 1 日制定/最終改正:令和 8 年 4 月 1 日, (वि

(उक्त सम्बन्धित कानुन र मापदण्डको फाईल यसै QR सँग राखिएको)

अक्टोबर २७ तारेख

अनुगमन समितिको भर्चुअल बैठक - अनुगमन समितिको म्याद थप सम्बन्धमा छलफल, प्रतिवेदन लेखन कार्य यथासक्य गर्ने बारेमा छलफल गरियो।

अक्टोबर २८ तारेख

अनुगमन समितिले अख्तियारी प्राप्त गरेको समय म्याद यहि अक्टोबर ३० तारेख सम्म रहेकाले निम्न कारणहरुले थप ५ दिनका लागि अनुगमन समितिको म्याद थपका लागि Nrna जापानलाई जानकारी पत्र पठाएको

१. संस्थाका अध्यक्ष सुभाष लामिछाने नेपाल रहेको र जापान फर्कन केहि दिन अझ लाग्ने भएकाले

२. प्रतिवेदन लेखन कार्यका थप केहि दिन आवश्यक रहेकोले

यस अनुगमन समितिले नेपाल हाउसका लागि गठित नेपाल हाउस समिति अध्यक्ष, कार्य समिति अध्यक्ष लगायत कोषाध्यक्षज्युहरु यस प्रक्रियामा प्रत्यक्ष रुपमा सबैभन्दा जिम्मेवार भई कार्यसम्पादन गरेकाले उनीहरुको अभिमतलाई महत्वपुर्ण रुपमा यहाँ अध्ययन गरेको छ।

अध्यक्ष सुभाष लामिछाने - को भनाई

प्रश्नहरु -

१) नेपाल हाउसको जग्गा कस्तो प्रकारको हो, क्षेत्रफल कति छ, थाहा छ ?

थाहा छ, क्षेत्रफल चाहिँ तोहोनमा लेखेको छ। त्यसमा भएको क्षेत्रफलको केहि भाग दर्ता भएको छ र दर्ता हुन बाँकी रहेको जग्गा हाम्रो नाममा दर्ता हुन्छ। यदि भएन भने हामी जग्गा किन्दैनौ।

२) दर्ता नभएको जग्ग्गा कसरी दर्तामा जान्छ ?

हामीले किन्न भन्दा पहिला नै जग्गालाई नापेर किन्ने भन्ने कुरा भएको छ।

प्रतिप्रश्न - तर जग्गाधनीको वारेसवाला कम्पनीले किने पछि नापी गर्ने कुरा गरेको छ त !

हामीले त पहिला नै गर्ने सोचेर 測量 नापी गर्ने व्यक्तिसंग कुरा गर्ने भनेका छौ, यदि पुरा जग्गा आउदैन भने हामी सबै संगै गएर जग्गावालालाइ भेटौ न है, हामी सबैको नेपाल हाउस होइन र ?

३) जग्गाधनी सँग भेट भएको छ ?

भेट भएर नै केईयाकु गरेको होला नि त !

४) मन्दिरको जग्गा भन्ने थाहा थियो,

थियो, त्यहि भएर नै लिएको हो। मन्दिरको जग्गामा हामीले पनि मन्दिर बनाउन सक्छौ भनेर नै हो। मन्दिर बनाउनका लागि हामीले एउटा मोमेन्टम टावर भनेर बनाएका छौं, त्यहाँ व्यक्ति भित्र छिर्न नमिलेको कारणले फेरी त्यसलाई सच्याएर २ ढोका बनाएका छौ। त्यसैले मन्दिर पनि हुन्छ तर मन्दिर मात्रै भनेर त् कहाँ हुन्छ र ? यी यहि घर (अस्तु बिसर्जन कक्ष) लाई देखाउदै यहाँ भित्र सानो मुर्ति राखेर पूजा गर्ने हो। विदेशीलाई कहाँ बाहिर बाजा बजाएर भजन कृतन गर्न मिल्छ र ! त्यसैले सबै हुन्छ, बिरोध नगर्नुस्

५) अनि अहिले त्यो जग्गामा चिहानको संरचना छ नि त !

अस्तु गाड्नका लागि बनेको संरचना हो तर त्यहाँ हड्डी गाडेको छ छैन भन्ने चाँही मैले धेरै पटक फुदोसानलाई सोधेको छु, बिनोदजीले कार्यसमितिमा पनि यो कुरा उठाउनु भयो अनि दिपक केसी दाईले पनि एउटा सार्वजनिक कार्यक्रममा नै यो कुरा उठाउनु भयो, त्यसैले मैले धेरै पटक यो कुरा कन्फर्म गरेको हो। त्यहाँ हड्डी गाड्नका लागि संरचना तयार गरेर पछि त्यसै छोडेको रहेछ। जग्गा यति राम्रो फराकिलो सस्तो कहाँ पाईन्छ र ? यति धेरै च्युबोको जग्गा यति सस्तोमा कहाँ पाईन्छ ? त्यहि भएर नै मैले यहाँ धेरै भन्दा धेरै सामाजिक व्यक्तिहरुलाई ल्याएर देखाएको हो। कसैले पनि यो जग्गालाई नराम्रो भन्नु भएन। अहिले आएर यसको विवाद निकाल्न खोजियो।

६) विवाद भन्दा पनि समाजमा प्रश्न उठे पछि यसलाई क्लियर गरौं भनेर नै यो अनुगमन समिति भनेको हो नि, होइन र ? अनि यहाको नै राय लिउ। अध्यक्षज्युले पत्रकार सम्मेलन ढिला गर्नु भएन र ? यो पत्रकार सम्मेलन जग्गाको छनौट गर्नु भन्दा पहिला नै गर्न पाएको भए उत्तम हुने थियो नि होइन ? पुरानो जग्गाको पनि अहिले सम्म जानकारी गराउनु भएको छैन नि त ?

- सबै जानकारी हामीले हाम्रो वेबसाइटमा राखेका छौं हेर्न सक्नु हुन्छ, सबैलाई घर घर लगेर देखाउन त सम्भब पनि हुदैन होला नि हैन !

७) पुरानो जग्गा सहितको जानकारी कसैले पनि पाउन सकेका छैनौ भनेर आवाज उठेको छ, तपाइको कार्यसमिति कै धेरै पदाधिकारी साथीहरुले उठाउनु भएको छ ? कार्यसमिति भित्र केही जानकारी नभएको नै हो त ?

- कार्यसमितिको हरेक बैठकमा हामीले छलफल गरेका छौं, माईन्युट चाहिं केहि भएको छ केहि नभएको पनि होला। तर छलफल चलेको हो बिनोदजीले अलि यसलाई बुझ्न खोज्नु भएको थियो अनि विवाद बढेको हो। अरु साथीहरुको सबैको राय केहि छैन जस्तो लाग्दछ।

८) यदि संरचना बन्न नसक्ने भयो भने के गर्नु हुन्छ ?

- मैले बनाएको सबै संरचना बन्ने भनेर हामीले सोचेका छौं , नबन्ने भन्ने सोचेका छैनौ। नेपाल हाउस बन्ने नै भयो भने राजनीति पो गरे कि भन्ने लाग्न थाल्यो। यदि बन्न नसक्ने हो भने हामीले यति धेरै खर्च किन गर्थेउ त ?

९) अनि ११ करोडमा जग्गा किन्ने र २ करोडमा ठेक्कामा दिने त्यो पनि अवधि सकेपछि रकम फिर्ता गर्नुपर्ने यस्तो सोच किन गर्नु भयो त ? यत्रो समाजको रकमको के फाइदा हुनेछ त ?

- नेपाल हाउस बनाएर व्यवसायिक गर्नु पर्दछ नत्र हामीले मात्रै व्यवस्थापन गर्न सक्दैनौ त्यसैले हो तर यसलाई हामी सबैले सच्याउन सक्छौं , हामी आफैले संचालन गर्ने सोच गरौं न त तर सक्नु पर्यो।

१०) अनि यहाँको संरचना भित्र त मन्दिर भन्दा ओफ़ुरो, साउना, गेम सेन्टर छ त ? खै त मन्दिर ?

- हामीलाई जापानमा मन्दिर नै भनेर बनाउन गार्हो हुने रहेछ, त्यसैले सानो मोमेन्टम टावर बनाएर पशुपतिनाथ र बौद्ध स्तुपा बनाउने तयारी गरेका छौं, बन्छ है

११) अनि यो जग्गा खरिदको लागत कति रहेछ ?

- ९२०० मान हो तर पुरानो जग्गा पनि यसैले सट्टा गर्ने भनेकोले हामीले ६७०० मान तिरे पुग्छ। ४२०० मान तिरिसकेकोले अब २७०० मान बुझाए जग्गा हाम्रो हुनेछ, लौन सबै मिलेर सप्ताहमा कबुल गरेको रकम उठाउन तिर लागौं

हस धन्यवाद

-- ------ ---------- ---------- ----------

नेपाल हाउसका अध्यक्ष - नबिन न्युरे

(अनुगमन समितिले संरक्षक समितिका सदस्यहरुसँग छलफल गर्दा लिईएको धारणा)

नेपाल हाउस पुर्व जग्गाका बारेमा धेरै हल्ला चलाईयो त्यो म स्मरण गराउन चाहन्छु। त्यसपछि जग्गाहरुको कुरा आयो। त्यसपछि कतिपय साथीहरुले इन्ट्रेस्ट देखाउनुभयो। अघि शिव दाइले पनि भन्नुभयो, कतिपय ठाउँ मैले पनि देखाएँ। कतिपय साथीहरुले चाहिँ हामीले सार्वजनिक रुपमा नै घोषणा गरेका छौं, सबै कुराहरु हामीसँग माइन्युटकै रुपमाछन् र कतिपयकुराहरु होमपेजमा पनि पहिल्यै सुरक्षित छन् र अर्को कुराहरु अब यो पब्लिक जानकारीमा चाहिँ अलि कमी भयो भन्ने कुराहरु धेरैआउँदै गर्दा यसमा चाहिँ त्यो चाहिँ हो जस्तो मलाई लाग्दैन। विगतमा पनि हाम्रोसंरक्षकको ग्रुप हुँदै गर्दा पनि हामीले प्रत्येक बैठकहरुको बेलामा होस् या कुनैकार्यक्रम गर्दै गर्दा होस्, संरक्षकको ग्रुपमा चाहिँ हामीले चाहिँ सूचना राख्नेगरेका थियौं। कति जना... अब त्यति बेलाको अवस्था अलि फरक थियो। एउटा आईसीसीकोसमस्या थियो। आईसीसी र एनसीसी बीच अलिकति समस्या नै थियो, त्यो हामीलेस्वीकार्नुपर्छ, तत्कालीन समयको अवस्थात्यसले गर्दा पनि कतिपय हाम्रो संरक्षकज्यूहरु आदरणीय संरक्षकज्यूहरु चाहिँ चाहेरपनि हाम्रो त्यो बेलामा तत्कालीन समयमा चाहिँ एनसीसी जापानको अलमोस्ट सबै जना विरुद्धमै हुनुहुन्थ्यो।

तपाईंहरुले स्वीकार्दिन भन्नुभयो भने पनि त्योस्वीकार्नैपर्छ। त्यहाँ हामीबाट पनि त्रुटि भएको हुन सक्थ्यो। हामीले तपाईंहरुलाई उगर्न सकिएन, त्यो अवस्था त्यस्तै थियो र त्यो अवस्था आयो। त्यसको लागि म त्यो समयकोलागि म क्षमा पनि माग्न चाहन्छु।र अर्को कुरा एकाउन्ट पब्लिक गर्दैन भन्ने कुरा गर्नुभएको थियो हाम्रो पारसमणिपोखरेलज्यूले। र उहाँलाई चाहिँ पक्कै पनि हाम्रो कार्यसमितिको उपाध्यक्ष विनोदखनालज्यूले बाहिर पनि भन्नुभएको रहेछ त्यो बारेमा, उहाँलाई पनि पक्कै पनि उहाँलेभन्नुभएको होला। कुनै पनि कारोबार हामीले एकाउन्ट बाहेक गरेका छैनौं। एकाउन्ट बाहेक कारोबार गरेको छ भने प्रुफ ल्याउनुस्, हामी सजाय भोग्न तयार छौं।तर व्यक्ति, प्रत्येक व्यक्तिलाई भन्नुभएको छ विनोद खनालज्यूले। यहीँ हुनुहुन्छ।ओसाका जानुभएको छ, ओसाकाको व्यक्तिलाई भन्नुभएको छ। हैन, उहाँलाई फुर्सद पनि कतिमिल्दो रहेछ फेरि। अनि प्रत्येक व्यक्तिहरुलाई फोन गर्दै भन्नुभएको छ, यहाँ छअनियमितता भएको छ भन्ने कुराहरु, त्यही अनुसार उहाँलाई आएको होला। र व्यक्तिगतखाताको कुरा होला, हामीले चाहिँ ३१००... एकतिस सय मान प्लस खर्च गरेर ३३०० मान हामीबुझाउँदै गर्दा हामीसँग पैसा नपुगेर हामीले कोही व्यक्तिसँग पैसा सापटी ल्याएकाथियौं। जो पैसा जो खाताबाट आएको छ, त्यही खातामा फिर्ता गरेका छौं हामीसँग पैसाभइसकेपछि।त्यो क्लियर छ। त्यो पनि क्लियर हेर्नुहोला र बुझेर मात्र बोल्नुहोला। पैसाकोकुरामा आरोप लगाउनु भनेको सानो कुरा होइन, चाहे त्यो १ एन होस् चाहे २ एन होस्।हामी अब त्यो खालको उ ले गर्दा होइन। र तपाईं... तपाईंहरु चाहिँ अहिलेकोकार्यसमितिको साथीहरु संस्थागत... संस्थागत कुरा, संस्थाको कुरा पहिला संस्थाभित्र सल्झ गर्नुपर्छ।

सल्झ गर्न सकिएन भने बल्ल बाहिर लाने हो, त्यो पनि मनन गर्नुस्।बाहिर राखेर हिरो भइन्छ

भन्ने नसोच्नुस्। एकछिनको रमाइलो होला, एकछिन तपाईंले पाउनुहोला, तर त्यसले दीर्घकालीन न संस्था बच्छ, न तपाईं... तपाईंको विश्वासहुन्छ। विश्वास हुन्छ।

र अर्को कुरा नेपाल हाउसको अहिलेको जग्गाको कुरा गर्दै गर्दा, त्यति बेला त लगभगअलिकति एनसीसी र आईसीसीको बीच अलिकति सहमति, अलिकति राम्रो सम्बन्ध बन्दै गएकोथियो। हैन, यो सम्बन्ध राम्रो बन्दै गएको थियो र

सम्बन्ध त्यति अझै त्यति राम्रोपनि भएको थिएन, तर ठ्याक्कै जेरो भन्ने पनि थिएन। इन्डिभिजुअल चाहिँ धेरै दाइहरूलेचाहिँ एनसीसी जापान बचाउनुभएको हो। त्यसमा चाहिँ दीपक कँडेलज्यूलाई म फेरि पनिधन्यवाद दिन चाहन्छु।

हैन, अब सुदन दाइहरू हुनुहुन्छ, धेरै जनाहरू हुनुहुन्छ। कतिपयसाथीहरू त फुटाउनुपर्छ भनेर लाग्नुभएको थियो। त्यति बेलाको अवस्थामा हामीले अबहामीले गल्ती नै गरेको भए पनि अब गल्ती नै नगरेको भए पनि हामी संस्था बचाउन

सक्यौँ,त्यसलाई चाहिँ अहिले हामी गर्व गरौँ, म त्यही भन्न चाहन्छु।र यो जग्गा किन्ने प्रक्रियामा अगाडि बढ्यौँ। चिबाको जग्गा हामी किन्यौँ। अघि शिवदाइले पोइन्ट आउट गर्नुभएको थियो, त्यहाँ बनाउन पाइँदैन भन्ने कुरा चाहिँ त्यो

गलतहो। हामीले नक्सा नै... नक्सा नै सिटी अफिसमा गएर नक्सा नै निकालेर हामीले वार्षिकसाधारण सभामा पनि त्यो नक्सा आउट गरेका छौँ। हेर्नुहोला। त्यहाँ दुईटा घर छन्। त्योघरलाई मन्दिर र स्तूपाको रूपमा युज गरियो भने— मैले भनेको कुरा—युज गरियो भनेहामीलाई खर्च कम लाग्छ। त्यस्तो युजै गर्न नमिल्ने घर छैन। एउटा घरलाई चाहिँ हामीसेल्टरको रूपमा युज गरौँ, त्यति बेला हाम्रो योजना थियो। अहिलेको जस्तो बृहत् योजनाथिएन, सानो योजना थियो। र त्यो माथिकोमा चाहिँ हामी सय-डेढ सय चुबोको हामी हलबनायौँ र त्यसलाई सँगसँगै बार्तली निकाल्यौँ भने त्यहाँ व्यापक मान्छे लगभग ३०० देखि ५०० जना मान्छेहरू चाहिँ बस्न सकिन्छ भन्ने पनि थियो। र त्यतिबेला चाहिँ त्यहाँको तत्कालीन समयको त्यो ठाउँको, त्यो टोल-टोलको त्यो अध्यक्ष भन्छ त्यसलाई के भन्छ, ठ्याक्कै वर्ड मलाई अहिले आएन। उहाँहरूसँगै सहमति... उहाँहरूसँगै कुरा गरेर उहाँहरू र त्यहाँ वरिपरिको पब्लिकहरू धेरै एक्साइटेड हुनुहुन्थ्यो। "हाम्रो यहाँ चाहिँ अहिले यो झाडी जस्तो भएको अवस्था छ, यसमा तपाईंहरू आइदिनुभयो भने यो चाहिँ हामी आभारी छौँ" भनेर उहाँहरू इभन सफा गर्न, त्यहाँ सफा गर्दै गर्दा सहयोग पनि गरेको अवस्था छ। धेरै कुराहरू छ।

र त्यहाँ "बाटै छैन" भनेर प्रचार गर्नुभयो। बाटै नभइकन त हाम्रा गाडी त गा छन् नि त! ठूलो ट्रक, हामी ट्रकमा जाने हो र त्यहाँ? त्यो त होइन, पब्लिक गाडी हो, ३ टन सम्मको गाडी मज्जाले जान्छ। अनि ब्याक साइडबाट फेरि अर्को बाटो बन्दै छ। जुन बाटोमा... त्यो बाटो नबनेको, त्यो समयमा बाटो थिएन, त्यो बाटो बन्दै छ। त्यो त्यो बाटो हुँदै गर्दा चाहिँ त्यो हामी चाहिँ पब्लिकको घरबाट पनि जान पर्दैन, डाइरेक्ट पेट्रोल पम्पतिरबाट जुन बाटो विगतमा लोकेशन देखाउने तर बाटो नभएको बाटो अर्को साइडमा थियो, त्यो बाटो जाँदै गर्दा त्यो बाटो पनि बन्यो भने चाहिँ त्यो सहज हुन्थ्यो।

र अर्को कुरा, जब टोकियो सप्ताह भयो, जापानमा हाम्रा अग्रजहरू चाहिँ मप्रति नेगेटिभ हुनुहुन्थ्यो। स्वीकार्नुपर्छ तपाईंहरूले, किन स्वीकार्नुपर्छ भने त्यो रियालिटी हो। कसैले लुकाएर लुक्दैन, रियालिटी हो। किनभने नवीनको कस्तो कुरा आयो भने त्यसपछि "त्यो जग्गामा बनाउने हो भने हामी सहयोग गर्दैनम्" भनेर इभन रविन दाइले भन्नुभएको छ, शिव दाइले भन्नुभएको छ। "यो जग्गा बाहेक अर्को जग्गामा किने भने म २०० मान थप्छु" भन्नुभएको छ।

यहाँसम्म कुरा आइसकेपछि मेरो मनमा एउटा मात्र कुरा के थियो भने— नेपाल हाउस बन्नपर्छ, हाम्रै नेतृत्वमा, हाम्रै... हामी रहँदै गर्दा यही कार्यकाल या दुई कार्यकालमै बन्नपर्छ भन्ने मेरो मनमा थियो। र त्यो यो नयाँ जग्गाको कुरा त्यसपछि आयो। म त्यसमा म खुसी थिइनँ, रियलमा भन्छु म। सप्ताह गरेर "नयाँ जग्गा खोज्छु" भन्दै गर्दा म खुसी थिइनँ। र मैले त्यतिबेला नै भन्या थिएँ, "पुरानो व्यवस्था... पुरानो जग्गाको व्यवस्था नगरेसम्म नयाँ जग्गा हुँदैन" भनेर म हाम्रो वर्तमान अध्यक्ष सुवास जीसँग धेरैचोटि म डिस्कस नै गरेको... गरेछु। त्यो कुरा सुवास जीलाई क्लियरली थाहा छ, मलाई क्लियरली थाहा छ।

त्यो भइसकेपछि त्यो अहिलेको नयाँ जग्गा आयो। नयाँ जग्गा आउँदै गर्दा पनि म के भन्छ म पहिला हेर्न पनि गा छैन। म पहिला चाहिँ "पुरानो जग्गा सेट... के रे त्यो पुरानो जग्गालाई चाहिँ हामी सेटल नगरेसम्म म जाँदिनँ" भनेर भनेछु। यो कुरा तपाईंहरूले हाम्रो वर्तमान अध्यक्षलाई पनि सोध्न सक्नुहुन्छ।

र अर्को कुरा, एउटा भ्रम चाहिँ "पुरानो जग्गामा केही बनाउन पाइन्न" भन्ने भ्रम चाहिँ अबदेखि यति मैले यहाँ क्लियर गरिसकेपछि, तपाईंहरूले अरूलाई जानकारी गराउँदा त धेरै जनालाई त गराई सक्नुभयो, त्यो त क्लियर हुँदैन। यो बारेमा चाहिँ छानबिन समितिको भइसकेपछि म मेरै तरिकाले पनि म क्लियर गर्न चाहन्छु।

र अर्को कुरा, २५००... २५०० मान भन्नुभएको छ। कतै फेरि अनि हाम्रो विनोद जीले ओसाका गएर पनि भन्नुभएको रहेछ, हैन, जिम्मेवार साथीहरूलाई— "१६०० मानमा किनेर, जग्गा किनेर खाछन् साथीहरूले, यहाँ ठूलो छ, ठूलो के रे अनियमितता भ'छ, सयौँ मान खाछन्" भनेर पनि भन्न भ्याउनुभएको रहेछ। उहाँसँग मेरो व्यक्तिगत केही पनि थिएन। तर के कारणले उहाँ यसरी व्यक्तिगत रूपमा लाग्नुभाछ, म त्यो चाहिँ भन्न सक्दिनँ। आजको न्युजमा, न्युजको कुराहरूमा पनि उहाँबाटै सबै कुरा इन्फर्मेसनहरू गा छ। सबै कुराहरू थाहा हुँदै गर्दा पनि ठीक छ, उहाँलाई लाग्यो। तर त्यो न्युज यदि सत्य हुन्थ्यो र मैले प्रुफ गर्न सक्ने थिएन भने त्यो न्युज हटाउने थिएन।

हैन, पीडा हामीलाई पनि छ। हैन, हामीले पनि एउटा योजना त्यो तरिकाले ल्या'हो। र अर्को कुरा, जुन सप्ताहको बेलामा चाहिँ "यो जग्गामा बनाउने हो भने चाहिँ हामी सहयोग गर्दैनम्" भनेर व्यापक भनिसकेपछि त्यो चाहिँ व्यक्तिगत रिसइबी लियो। त्यो जग्गामा बनाउन पाइन्न, त्यो जग्गामा त्यो गर्न पाइन्न भनेर होइन।

तर जग्गा पनि लक्कीली ठूलो ठाउँ आइसकेपछि, त्यो जग्गा हेरिसकेपछि हामीले सस्टेन पनि गर्नुपर्छ, त्यो ठाउँमा त्यो बाहेक अरू कुराहरू पनि गर्न सकिने अवस्था हो भने, हैन म एउटा कुरा मैले चाहिँ घमण्ड नगरेर म ब्याक हुँदै गर्दा, हैन मैले मेरो जिद्दी नगर्दै गर्दा संस्थालाई अझै राम्रो हुन्छ भने म किन ब्याक नहुने भनेर चाहिँ मैले चाहिँ सुवास जीबाट यो जग्गाको लागि चाहिँ यस्तो-यस्तो कुरा आ'छ।

उल्ले चाहिँ मिनिमम उल्ले चाहिँ कस्तो भने १०,००० मान उल्लाई भन्या छ भन्ने कुरा गर्नुभाछ। १०,००० भन्या छ भने त्यसमा चाहिँ मिनिमम पनि ३३०० चाहिँ घटाउन लगाउनु पर्छ। त्यो घटाएर बाँकी पैसा तेल्ले होस्यो गर्छ भने हुन्छ।

र अर्को कुरा, त्यो जग्गा बेच्नै नसकिने जग्गा पनि होइन। हामीले तलको चाहिँ छेउको भनेर बेच्न सकिन्छ, भन्दा बित्तिकै सकिन्छ। त्यसको त्यति धेरै पैसा पर्दैन। त्यो भन्दा माथिको चाहिँ इक्केया घर बनाएर बेच्नको लागि सजिलैसँग बेच्न सकिन्छ। ६-७ ओटा लगभग ३०० चुबो हाराहारीको माथिको जग्गामा चाहिँ लगभग ८-१० वटै इक्केया घर बनाएर मज्जाले बेच्न सक्ने अवस्था हुन्छ। त्यो चाहिँ फुदौसानहरूले नै अह गर्न सक्छ। यसमा यो भ्रम पनि सबैजना क्लियर हुन म अनुरोध गर्दछु, पुरानो जग्गाको बारेमा।

अनि घाटाको कुरा भनेर जुन व्यापक पारिरहेछ, त्यो घाटा-फाइदाको कुरा केही पनि छैन। यसमा चाहिँ उनीहरूलाई हामीले भनिसकेपछि उल्ले चाहिँ त्यताबाट पैसा घटाएर मिनिमम पनि यति चाहिँ म दिन्छु, यदि बेच्न सकेन भने चाहिँ यति म होस्यो गर्छु, बिक्री भइसकेपछि म रिप्लेस गर्छु भन्ने सर्तमा चाहिँ यो घरबेटीले गऱ्या होइन। यो चाहिँ त्यो अर्को के रे के भन्छ सासाकी सानको थ्रुबाट आएको होस्यो हो। त्यो बाहेक हामीले पनि आफ्नै तरिकाले बेच्ने प्रोसेस गर्न सकिन्छ। यसमा पनि... यसमा पनि सबैजना क्लियर हुनुहोला।

अनि अर्को कुरा चाहिँ जुन टिम बनाउनपर्छ भन्ने कुरा छ, यो टिम बनाउने कुरा चाहिँ अघिल्लो विधानमै व्यवस्था गरिएको छ। यो एनआरएनको विधानमा नै क्लियरली व्यवस्था गरेको छ। त्यसमा पनि क्लियर हुनु।

र अर्को कुरा, अब यो जग्गाको कुरा केयाकु अब यस्तो भयो, उस्तो भयो भनेर हामी चाहिँ अब होन्केयाकु गर्ने बेलामा हामीले कुन पोइन्ट राखेर गर्ने भन्नेतिर हामी गइएन। हैन, अहिले ल केयाकु अहिलेको त्यति स्ट्रङ केयाकु छैन भनेपछि हामी त होन्केयाकुमा त ५०० मान बुझाएपछि त होन्केयाकु गर्न पाइन्छ नि त। त्यो गर्दै गर्दा हामीले कुन-कुन पोइन्ट राख्ने भनेर हामीले खास त्यो छलफल गर्नुपर्ने हो जस्तो लाग्छ।

हामी त गइन्छ, फुदौसानकोमा गइन्छ, "ओमाएरा, सोमाए, तँ, सागी" भनेर पुरै झगडा गर्न थालिन्छ, हैन? अब त्यो झगडा गर्दै गर्दा कत्तिको सकारात्मकतिर जान्छ, कत्तिको नकारात्मकतिर जान्छ र त्यसमा नियतको कुराहरू पनि लगभग क्लियरली देखिन्छ।

त्यसमा कसैले तपाईं यसमा चाहिँ कसैले पनि ऊ गर्नुपर्ने आवश्यक नै छैन। जति ठाउँमा फोन गरिन्छ, त्यो ठाउँमा चाहिँ अहिले व्यापक भा'छ के। अहिले त हामी यति गामन गरेर बसिराछ कि अब हामी... हामीले अहिले सामाजिक सञ्जालमा केही लेखम् भने संस्था बदनाम हुन्छ। हामी संस्था बदनाम गराउन चाहँदैनम्। संस्था बदनाम नहोस् भन्ने चाहन्छौँ। त्यसकै लागि कति कुराहरू त गामन गरेर बसिराछौँ। भा'को कुरा, सुरु भा'को त हाक्काबाट हो नि त, कुरा भा'को त। हाक्काको कुरा कहाँ गयो? क्लियर भयो।

हैन, त्यसपछि तपाईंको अर्को कुरा फेरि आयो— त्यो घर त के रे त्यहाँ भ'को अहिलेको घरको कुरा अह त्यहाँ त्यहाँ भ'को घर त के रे त्यो उनै अनुमति नै नलिइकनै बनाइएछ भन्ने भनेर नि भन्या छ। हाम्रै अग्रज ज्यूहरूले भन्नुभाछ। त्यो पनि अनुमति लिएको बकाइदा क्लियर छ, हैन। त्यसको डकुमेन्ट चाहियो भने हामीसँग पनि सुरक्षित छ र तपाईंहरूले सिटी अफिसमा गएर सर्टेन ४०० समथिङ तिर्‍यो भने सबै डकुमेन्ट, त्यसको नक्सादेखि सबै कुरा दिन्छ।

र अर्को कुरा रह्यो, त्यहाँ "केही बनाउनै मिल्दैन" भनेर बारम्बार भन्या छ। बनाउन मिल्दैन, क्योका लिएपछि बल्ल बनाउन मिल्छ।

जापानको यो खालको जग्गाहरू भनेको सीले खात्री गरेको जग्गा हुन्छ। सीले खात्री गरेको जग्गाहरूमा चाहिँ के हुन्छ भने पब्लिकहरू, पब्लिक जस्तै पब्लिक चाहिँ सिधै टच हुने कुराहरू, त्यो खालको संरचनाहरू बनाउँदा चाहिँ कुनै पनि रोकतोक हुँदैन, तर क्योका लिनुपर्छ। जस्तै फुट्सल, फुट्सल गराउँदा फुट्सलको मापदण्ड हुन्छ। त्यो मापदण्ड हामीले पूरा गर्नुपर्‍यो, त्यो भएपछि हामी फुट्सल बनाउन सकियो।

अह त्यो फुट्सलको गर्दै गर्दा त्यसको खात्री गर्नको लागि पक्की बिल्डिङ बनाउनुपर्ने हुन्छ, त्यो बनाउन मिल्यो। जस्तै क्याम्प जो भनेर बनाउन मिल्यो। क्याम्प जो बनाउँदै गर्दा पनि सिकुहाचु सिसेचु भन्ने हुन्छ, त्यो बस्नको लागि व्यवस्था गर्ने ठाउँहरू, अह त्योहरू पनि हामी बनाउन मिल्यो, हैन।

अनि अर्को कुरा मन्दिरको कुरा छ। हामी मन्दिरको कुरा हामी बहुसांस्कृतिक केन्द्र, हामीले मन्दिर मात्र भनेर सिम्बोलिक भनेर भन्या छ। हामी चाहिँ कस्तो कस्तो भइरहेछ भने अहिले, हजार जना आउँछ भने हामी त ५०० जना

भनेर मिलाएर अलिकत मिलाएर गर्नुपर्ने कुराहरू हुन्छ नि त। जस्तोसुकै पार्कमा गएर हामी नेपाल फेस्टिभल गर्दै गर्दा, क्योका लिएर गर्दै गर्दा त हामीले अरूलाई मेवाकु गर्न मिल्दैन। अनि त्यो त जहाँसुकै लागु हुन्छ। हामी भाडा तिरेर आफैँ घर बनाएको ठाउँमा त होहल्ला गरियो भने हामीलाई कसैले माओरीबाट कम्प्लेन गऱ्यो भने हाम्रै घर भए नि हामीलाई जे होस् च्युवी गर्न आउँछ, हैन।

अझ यो अहिलेको जग्गा भनेको त त्यहाँबाट लगभग ५०० देखि ७०० मिटर वरिपरि त कुनै पनि छैन। सबैभन्दा नजिक भनेको त्यहाँबाट लगभग ७००–८०० मिटर समथिङ कति रोचिन होमु छ, त्यो बाहेक अनि यामातो छ। त्यो बाहेक अरू केही पनि छैन र यता ब्याक साइडमा खोउमुइन छ। त्यो हिसाबले पनि मैले त्यो घरबेटीलाई भेट्दै भेट्दै गर्दा उल्ले पोजिटिभ... उल्ले कुरा गरेको अनुसार चाहिँ कुरा गरिराख्या थिएँ— "म तिमीहरूको नेपाल फेस्टिभल पनि हेर्न गाथेँ। मैले त्यो जग्गा किन्दै गर्दा, त्यो जग्गा के रे त्यो यो जग्गा तिमीहरूलाई बेच्दै गर्दा कति कुराहरू अरूसँगबाट आउँदै गर्दा पनि म नेपाली कम्युनिटीलाई बेच्न खोजेको चाहिँ त्यहाँ चाहिँ एउटा कन्ट्री-कन्ट्री बीचको रिलेसन हुने खालको तिमीहरूले जुन तरिकाले फेस्टिभल गऱ्यौ..."

अनि अर्को कुरा, अनि सप्ताहको बेलामा पनि धेरै नेगेटिभ कुराहरू गरेको, "सप्ताह पनि गर्न हुन्न" भनेर गर्दै गर्दा त्यो कुराहरू पनि धेरै आएको, त्यो कुरालाई पनि हामी धेरै कुराहरू छिचोल्दै छिचोल्दै छिचोल्दै छिचोल्दै आएको हो, हैन। त्यो पनि जुन कुरा गर्दै गर्दा, केही कुरा गर्दै गर्दा हामी सकारात्मक रूपमा लिँदै लिँदैनौँ के। हामी त्यहाँ केही कमजोरी छ भने केही सोलुसन छ कि भनेर सोलुसन खोज्दैनौँ के, त्यसलाई कसरी बिगारम् भनेर लागिराछौँ अहिले। अहिले चाहिँ त्यही भइराछ।

अनि अर्को कुरा, मैले हामी यो पत्रकार सम्मेलन हुनु भन्दा अगाडि हामी कुमारीमा पनि बसेथ्यौँ, हामी यही साथीहरू थियौँ हामी। यही साथी बस्दै गर्दा हाम्रो विनोद खनाल जीले भन्नुभाथ्यो, "मेरो लिडरसिपमा भने ल म त्यही ठाउँमा बनाम् न त" भनेर उहाँले त्यो पनि प्रस्ताव गर्नुभाथ्यो।

अनि बहुसांस्कृतिक केन्द्र नेपाल हाउस भनिएको छ, हैन। केन्द्रभित्र मन्दिर हुन्छ, स्तुपा हुन्छ, नेपाली कला संस्कृति हुन्छ, हैन। हामीले विगतमा जापनिज अह सिटी अफिसहरूमा गएर कुरा गर्दै गर्दा पनि त्यहाँ चाहिँ अह जापानको स्योगाक्कोको विद्यार्थीहरू गएर त्यहाँ नेपालको बारेमा जानकारी गर्न पाओस्, हाम्रो चाहिँ धेरै मिन्जोकुहरू छ। हाम्रो हल हुन्छ, त्यो हलको प्रत्येक कर्नरहरूमा चाहिँ मिन्जोकुहरू सबैको ड्रेसहरू राखेर अह गऱ्या हुन्छ भन्ने कुराहरू पनि मैले अह हामीले चाहिँ अह त्यसरी धेरै कुराहरू पनि त्यसरी पनि अह भएको कुरा छ।

र अर्को कुरा, ल ठीक छ। यो जग्गा यहाँ धेरै जना साथीहरू लगभग अनुगमन समितिमा त एक तिहाइ भन्दा बेसी साथीहरूले त यो बनाउनै दिनै हुन्न भनेर बाहिरतिर त व्यापक गर्नुभाछ। यदि बनाउन दिन... दिन नगर्दै गर्दा यो अहिले भा'को पैसाको जिम्मेवारी कसले लिन्छ? यो यो त क्लियर हुनुपऱ्यो। कि हामीलाई जिम्मा दिन पऱ्यो, त हामी रेस्पोन्सिबल लिन्नम् भन्नुहुन्छ भने अवरोध गर्न भएन, हैन। अवरोध भनेर तपाईंहरूले अवरोध गर्नुभाको भनेको होइन कि बुझ्न नपाउने भन्या पनि होइन।

यसमा चाहिँ धेरै कुराहरू हामीलाई पनि सहज भा'छ, हामीले पनि नबुझेका कुरा धेरै कुरा बुझ्ने अवस्था पनि पाइएछ, त्यो फरक हो। तर यसलाई चाहिँ गर्दै गर्दा चाहिँ यदि हुन्न भने चाहिँ यो पैसा कसरी हुन्छ, कसरी के गर्ने भन्ने कुरा नि त क्लियर दिन पऱ्यो नि त। एकहोरो बनाउन हुन्न भन्ने छ, अहिले घरबेटी चाहिँ लगभग रिसाएको अवस्था छ। हामीले रोकुगाचुमा पैसा दिने भनिराथ्यो।

त अब त्यो समस्या भइसकेपछि कार्यसमितिले, वर्तमान कार्यसमितिले मलाई जानकारी भए अनुसार है, वर्तमान कार्यसमितिले अह कार्यसमितिबाटै अह यो अब यो अब कस्तो अवस्था आइदियो भने केही साथीहरूले सप्ताहमा बोलेको मान्छेलाई "यो त पैसा दिनै हुँदैन, यस्तो श्मशान घाटमा लगेर बनाउन लाछन्, यो गर्ने हुन्न" भन्दै एकथरी साथीहरू व्यापक तरिकाले अह प्रत्येक डोनरहरूलाई भन्न जानुभयो।

अर्कोतिर अह बैना बुझाइसक्या छ, नेतृत्वलाई बैना बुझाइसकेपछि यो चाहिँ कसरी... नेतृत्व भएर आएको हाम्रो... यहाँ त लगभग सबैजना नेतृत्व गरेर आइसकेको अह दाइहरू हुनुहुन्छ, उहाँहरूले पनि अह त्यो मनन गर्नुहुन्छ, नेतृत्व गरिसकेपछि कति जिम्मेवार हुन्छ र कसरी त्यसलाई चाहिँ कसरी समापन गरम् भन्ने नैतिक दबाब आफूलाई पर्छ अह भन्ने कुरा लगभग यहाँ अग्रज दाइहरू नै हुनुहुन्छ विभिन्न संघ संस्थामा र एनसीसी जापानकै नेतृत्व गरेर आउनुभाछ र भविष्यमा आईसीसीमै नेतृत्व गर्न अह क्षमता भएको अग्रज दाइहरू यहीँ हुनुहुन्छ, हैन, त्यो त्यो चाहिँ महसुस गर्नुहुन्छ।

त्यो भइसकेपछि कार्यसमितिले चाहिँ कुनै पनि हालतमा चाहिँ हामी यो... अह यो अनि यो थोरै त्यो पैसा चाहिँ किन बढी भन्ने कुरामा चाहिँ के छ भने, यो चाहिँ मन्दिरको जग्गालाई चाहिँ सोनोमामा अह त्यो गर्न नमिल्ने भा'को भएर त्यो प्रक्रिया गर्नलाई त्यसलाई चाहिँ बेच्न मिल्ने बनाउनको लागि पनि केही रकम खर्च हुने भएकै भएर लगभग उल्ले उसको अनुसार चाहिँ मिनिमम पनि १००० मान जस्तो चाहिँ अह त्यो चेन्ज गर्नकै लागि मात्र लाग्छ। अह अनि...

[सहभागी]: नवीन, यसलाई फेरि इलाब्रेट गर्देऊ त एकचोटि, के रे एकचोटि फेरि भन त, किन बढी लागेको रे? फेरि भन त।

[नवीन जी]: बढी बढी हैन, त्यो बढी हामीले तिर्ने होइन कि मन्दिरको जग्गालाई चाहिँ नर्मल्ली बेच्न मिल्दैन। मन्दिरको जग्गा कस्तो हुन्छ भने दाइ...

[सहभागी]: अँ नवीन जी, म भनुँ है यसमा, सरी। ओयासानले... ओयासानबाट हामीले के पाथ्यौँ भने पारस जी, त्यहाँ हामी... उल्ले चाहिँ के गर्‍या रहेछ भने, यो मोतोमोतो उरेनाई बासो भएर अनि यो अह...

पैसा भन्नाले त्यो बनाउनलाई त्यो प्रोसेस गर्नलाई लाग्ने चार्जहरू हुन्छ के, ट्याक्सहरू। अघि ट्याक्स तिरेको हुँदैन नि, त्यो चाहिँ ट्याक्स तिर्नुपर्ने हुन्छ के दाइ यो बेच्नको लागि। यो चाहिँ अह सिटी अफिसबाट पनि बुझ्या थैँ र बेड्गोसीबाट बुझ्या थैँ।

र अर्को कुरा, यो जग्गा अह यो ठाउँमा चाहिँ सबैभन्दा बेस्ट चाहिँ हामीलाई किन हुन्छ भने, यो ठाउँमा चाहिँ मोतोमोतो मन्दिरको अहिलेको जग्गा जुन घर बनिआ'छ नि, त्यो चाहिँ मन्दिरै भनेर छ। त्यहाँ चाहिँ मन्दिरको हामीले चाहिँ मन्दिरको क्रियाकलापहरू चाहिँ हामी त्यहाँ गर्न मिल्छ। त्यो चाहिँ अह मज्जाले हामी चाहिँ अह त्यो मन्दिर मन्दिर मन्दिर सम्बन्धी क्रियाकलापहरू चाहिँ गर्न मिल्छ। भलै हामीले चाहिँ यो मन्दिर मन्दिर मन्दिर भनेर अहिले भर्खर प्रचार गर्दै गर्दा चाहिँ अझै त्यसले चाहिँ नकारात्मकतिर जान्छ भन्ने कुरा... अरु यो यो कुराहरू चाहिँ सिटी अफिसबाट हामीले बकाइदा निकालेर सिटी अफिसकै हाड्को भएको पेपर छ।

अह मैले चाहिँ यो अह यो चाहिँ हजुरहरू आफैँ गएर पनि निकाल्न सक्नुहुन्छ। म दिन चाहन्थैँ, दिँदै गर्दा फेरि के छ भने, फेरि त्यसलाई चाहिँ कसरी बिगार्न खोजिन्छ भन्ने फेरि त्यो पनि छ के, हाम्रै साथीहरूमा त्यो छ फेरि। यसलाई यसलाई त होइन, यो बनाउनै दिनुहुन्न भन्ने त्यो मेन्टालिटी राखेर हिँडेको साथीहरू नि हुनुहुन्छ। त्यसले गर्दा कोही एक

जना व्यक्तिलाई भन्नुभयो भने हामी दिन पनि सकिन्छ। अह त्यो बारेमा चाहिँ मैले अह हाम्रो संयोजक ज्युलाई पनि जानकारी गराइसकेको छु।

र अर्को कुराहरू, अघि मैले भनिसकेँ, अह यो अह क्याम्प जो देखि लिएर फुट्सलहरू अनि अर्को संरचनाहरू बनाएर त्यसमै हामी स्तुपाहरू अनि त्यसमै त्यसैलाई चाहिँ हामी त्यसकै साइडमा मन्दिरको रूपमा संरचना नै बनाउन नमिल्ने चाहिँ होइन। त्यसमा चाहिँ तपाईंहरू क्लियर हुन सक्नुहुन्छ।

र हामीले इन्कम यो प्रोजेक्ट अह यो अह यो अहिलेको अह अघिल्लो जग्गाबाट यहाँ आउँदै गर्दा चाहिँ एउटा कुरा के छ भने, यो जग्गा ठूलो भइसकेपछि हामी चाहिँ इन्कम जेनेरेट गर्नको लागि पनि एउटा यो दीर्घकालीन चलाउनको लागि पनि हामी अहिलेको जग्गामा भयौँ भने मिनिमम पनि हामीले ६० वटा मात्र पार्किङ गराउन सक्यौँ भने त्यो पार्किङबाट इन्कम हुन्छ। हामी त्यहाँ फुट्सल मात्र राख्न सक्यौँ भने, अहिले नेपालीहरूको फुटबल लगभग महिनामा दुइटा हुन्छ। एउटा गेममा महिनामा दुइटा या दुई महिनामा तीनटा, त्यो च्यान्डम्ली हुन्छ। लगभग वर्षमा १८ वटा जस्तो हुन आउँछ। एउटा फुट्सलमा लगभग ८००... ७०० देखि ८०० जना हुन्छ।

तिनीहरू त्यहाँ जाँदै गर्दा हाम्रो... उनीहरूले राम्रै खर्च गर्छ। त्यो चाहिँ हामीले त्यहाँबाट त्यहाँ हाम्रो फुट्सल देखि लिएर अह क्याम्प जो त्यसलाई चाहिँ त्योबाट चाहिँ हामीले इन्कमको रूपमा लिन सकिन्छ, जस्तै पार्किङको बाट गर्न सकिन्छ। र अर्को इन्कमको बरु हामीले अहिले गर्न सकिने अह यो अहिले हामीले गर्न सकिने डिटेल भनेको, जस्तै क्याम्प गराइयो भने कुन तरिकाले गर्न सकिन्छ, हैन?

हामीले अहिले खास अहिले डिस्कस गर्नुपर्ने भनेको चाहिँ दीर्घकालीन रूपमा हामी चाहिँ सस्टेन गर्नको लागि अघि पारस दाइले निकै राम्रो कुरा गर्नुभाथ्यो त्यो बारेमा र रसियाको कन्सेप्ट पनि अह कुरा राख्नुभाथ्यो। त्यो त्यो गर्नकै लागि अहिलेको जग्गामा चाहिँ फुट्सल र क्याम्प हामी राखियो भने त त्योबाट त राम्रो इन्कम गर्न सकिन्छ नि त। यदि हामी एनसीसी जापानले त्यसलाई मोनिटर गर्न सकिएन भने व्यावसायिक रूपमा दिएर त्योबाट सर्टेन मन्थ्ली लिएर पनि गर्न सकियो नि त। त्यो बारेमा हामी छलफल गरौँ न। कुन तरिकाले हामी सस्टेन गर्न सकिन्छ, कुन तरिकाले हामी अगाडि बढियो भने यो लङ टर्म जान्छ भन्नेतिर हामी अह अह जान सकियो भने चाहिँ बेस्ट हुन्छ।

जस्तै क्याम्पकै कुरा गर्ने हो भने हामी दुई-तीनटा परिवार गएर क्याम्प गर्दै गर्दा त १५-२० मान खर्च गरिरा' हुन्छ तीन-चार ओटा परिवार गएर जाँदै गर्दा। हामीले त्यहाँ राम्रो तरिकाले, व्यवस्थित तरिकाले अह त्यो गराउन सकियो भने त्योबाट चाहिँ राम्रो इन्कम जेनेरेट हुन्छ। त्यो इन्कमले चाहिँ हामीलाई त्यहाँ सस्टेन गर्न पनि अह मद्दत गर्छ जस्तो लाग्छ। र यी कुराहरू चाहिँ हामी अह अहिले अहिले चाहिँ हामी ती कुरामा हामी बनाउन हुँदैन, यो ठाउँमा यस्तो छ भन्दा पनि हामी हामीलाई क्लियर नभएको कुराहरूलाई चाहिँ क्लियर गर्ने, र यो ठाउँमा चाहिँ यो तरिकाले बनाम् भनेर हामी जान सकियो भने चाहिँ अह यसले चाहिँ अह दीर्घकालीन अह उ पनि पाउँछ र यसको बारेमा चाहिँ इनिसियल प्रोसेसमा...

उ सासाकीले चाहिँ के भनेछ भने, उल्ले चाहिँ बेच्दिन्छु नभएर "तिमीहरूलाई पैसा पुगेन भने २५०० चाहिँ तिमीहरूको जग्गा बेच्ने बेलासम्म चाहिँ म होस्यो गरेर हाल्दिन्छु" भन्ने कुरा हो के दाइ। त्यो हो।

अनि अर्को कुरा तेल्ले बनाउन मिल्दैन भनेको कुरा के छ भने, उनीहरूले त्यो फुदौसानले बनाउन मिल्दैन भनेको, उल्लाई चाहिँ पहिला चाहिँ सुवास जी र अहिलेको कार्यसमितिले चाहिँ कन्टेनर बेसको लागि मात्र उल्लाई चाहिँ अह त्यो बुझ्न लगाएको रैछ के सिटी अफिसमा। उल्ले कन्टेनरको बारेमा मात्र बुझ्यो, हैन। उल्ले चाहिँ त्यो क्याम्प जो अनि फुट्सलको बारेमा चाहिँ अह त्यो पक्की संरचनाको बारेमा उल्ले बुझ्या रैनछ। हामी सिटी अफिस...

हो त्यो दाइ, ल ठीक भन्नुभयो, तपाईंले ठीक कुरा गर्नुभयो। त्यो चाहिँ यस्तो छ, हजुरले भन्या कुरा एकदम राइट हो। के भने पहिला चाहिँ कन्टेनर बेसकोमा मात्र कुरा गऱ्यो तर हामी ठाउँमा बुझ्न अह गइएन, त्यो कमजोरी भयो।

र अर्को कुरा, जापानमा हिन्दु मन्दिर बनाउन र सञ्चालन गर्न पाइन्छ, बकाइदा पाइन्छ। जापानको संविधानको धारा २० मा अह २० ले नै धार्मिक स्वतन्त्रता सुनिश्चित गरेको छ। हिन्दु धर्म भएकै कारणले मन्दिर सञ्चालन गर्न पाइन्न भन्ने होइन। तर त्यसमा चाहिँ त्यो गर्दै गर्दा जग्गा प्रयोग र अह त्यसमा चाहिँ सुरक्षाको हिसाबलेहरूले मात्र हामीले संयमता अपनाउनुपर्ने अह कुराहरू हुन्छ।

